ाफौनसफ
लषीफफशध्सफत्र
भ्त्रयफल



कैंसफत्र कंफय्रगफ
ाफधत्र रुजचौीग
कफ७ौसंद

# ोत्रषःनत्र लङसफपगं ेप्सफ जरगशध

# येशूले सिकाउनु भएका वचनहरु

प्रभुको प्रार्थना बारे

स्वअध्ययन पाठ्यक्रम

Multi-Language Productions

Bringing the Word to the World

मुलपाठ पादरीहरुको संस्थागत समुदायको आज्ञाले बिशेष
विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडद्धारा उत्पादन
गरिएको हो ।
कपिराईट © २००९
विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडको बहुभाषा
प्रकाशन द्धारा मुलपाठ अनुकरण
प्रकाशन २००२
दोस्रो प्रकाशन २००५
नेपालीमा प्रकाशन २००९
रङ्गिन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्यहो । ग्लेन
मार्यसको दृष्टान्तको अधिकार नर्थ वेर्स्टन पब्लिसिङ्ग
हाउसले सुरक्षित राखेको छ ।
धर्मग्रन्थ पवित्र बाइबल, न्यू इन्टरनेसनल रिर्डस भर्सन
बाट लिइएको हो ।
कपिराईट © १९९६, १९९८ इन्टरनेशनल बाइबल सोसायटीको
अनुमतीले प्रयोग गरिएको हो ।

पुस्तक ८

# ☙ विषय सुची

प्रारम्भ ....................................................................१

अध्याय १ : प्रार्थना भनेको के हो ...........................................३

अध्याय २ : प्रभुको प्रार्थना भनेको के हो ...............................१३

अध्याय ३ : हाम्रा पिता, यो तपाईको निम्ति हो .......................१९

अध्याय ४ : अनि हाम्रो निम्ति हो .........................................३५

अध्याय ५ : समाप्ति/अन्त, (निर्ष्कष), "आमिन" ,

अनि अरु बाइबलका प्रार्थनाहरु...........................................५९

शब्दावली ..................................................................७२

अध्याय - परीक्षाका उत्तरहरु .............................................७६

अन्तिम परीक्षा ...........................................................७७

# प्रारम्भ


यो पुस्तक प्रभुको प्रार्थनाको सम्बन्धमा हो, जुन येशू ख्रीष्ट्ले यस संसारमा रहादा आफ्ना चेलाहरुलाई सिकाउनु भएथ्यो ।

प्रत्येक अध्याय सानो ताराले (✷) संकेत गरेको उद्देश्यहरुको सूचिबाट सुरुहुन्छ । ती उद्धेश्यहरुले तपाई त्यो पाठमा के सिक्दैहुनुहुन्छ भन्नेकुरा बताउनेछन् । तब तपाईले केहि हरफहरु पढ्नुहुनेछ र प्रश्नहरुको उत्तर लेख्नुहुनेछ । अध्यायको अन्तमा त्यहाँ एउटा जाँच छ । जाँचमा तपाईले अध्ययन गरेको पाठबाटमात्र प्रश्नहरु सोधिएकोछ ।

जब तपाई प्रश्नहरुको समूहको उत्तर लेखिसक्नुहुन्छ, तपाईलाई दिइएको पेज नं. मा गएर तपाई आफ्नो उत्तरहरु जाच्न सक्नुहुन्छ । तपाईले त्यो पेज खोल्नुभयो भने पेजको सबभन्दा मुनी प्रश्नको उत्तरहरु पाउनुहुनेछ । तपाईका उत्तरहरुलाई होसियारी पुर्वक जाँच्नुहोस । तपाईले कुनै तृटि गर्नुभएकोछ भने सच्याउनुहोस । अरु अध्याय सुरु गर्नुभन्दा पहिले तपाई सबै उत्तरहरु सम्झिराख्न निश्चित हुनुहोस ।

पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । तपाईले यो जाँच पुरा गर्नुभन्दा पहिले तपाईले अध्यायका जाँचहरुलाई दोहरयाउनुहोस । जब तपाई अन्तिम जाँच पुरागर्नुहुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई यो परिक्षापत्र बुझाउनुहोस वा यो पुस्तकको पछाडी लेखिएको ठेगानामा पठाउनुहोस ।

येशू ख्रीष्ट्को बारेमा अनि वहाँले हामीलाई प्रार्थना गर्न सिकाउनु भएको प्रार्थनाको बारेमा तपाईं जत्ति धेरै जान्न थाल्नुहुन्५ त्यत्ति नै परमेश्वरले सहायता गरुन् । परमेश्वरले तपाईको प९ाई/अध्ययनलाई आर्शीवाद दिउन् ।



दानियलले राजाको नियम भङ्गा गरेर परमेश्वरको प्रार्थना गरे ।



**पहिलो अध्याय**

# प्रार्थना भनेको के हो ?

हामी सबैलाई कुरागर्नको निम्ति कोही न कोही चाहिन्छ । त्यो साथी होस् वा परिवारको सदस्य वा सल्लाहकार/परामर्शदाता तर हरेकलाई बोल्नको निम्ति मान्छे चाहिन्छ ।

तर कहिलेकाहिँ, कुरागर्नको निम्ति कोही पनि छैन भन्ने भान हुन्छ । अन्तमा, सुनिदिने कोही हुँदैन । तपाईंलाई यस्तो अनुभूति कहिल्यै भएको छ ? भएको छ भने, तपाईं यो जानेर खुशी हुनुहुनेछ कि कुरागर्नको निम्ति कोही नभएको बेला, परमेश्वरसँग नै कुरा गर्नसक्नु हुन्छ । वास्तवमा , परमेश्वर हामी उहाँसँग कुरागर्नको चाहनुहुन्छ ।

परमेश्वरसँग कुरागर्नु लाई नै प्रार्थना भनिन्छ । यो अध्यायले प्रार्थना के हो भन्ने बारे बताउँदछ । यो अध्यायको अन्त्यमा , तपाईं निम्न कुराहरु जान्नु हुनेछ ।

* प्रार्थना भनेको के हो ;

* कसले प्रार्थना गर्ने गर्दछ ?

* कसले प्रार्थनाहरु सुन्नुहुन्छ ?

* कहाँ, कहिले र कसरी प्रार्थना गर्नुपर्दछ ; अनि

* हाम्रो प्रार्थनाहरु किन सुनिन्छ ?

प्रार्थनाको दुई पक्षहरु हुन्छन् । एउटा हाम्रो पक्ष तथा हामी प्रार्थनामा के गर्दछौं भन्ने हो । सामान्य अर्थमा , प्रार्थना भनेको आराधनाको एउटा स्वरुप हो जसमा (परमेश्वरमा) विश्वास राख्नेले हृदयदेखि नै येशूको नाममा परमेश्वरसँग कुनै ठाउँमा , कुनै समयमा र कुनै कुराको निम्ति अनुरोध गर्दछ अनि परमेश्वरलाई धन्यवाद दिदँछ ।

अब हामी यो परिभाषाको प्रत्येक अंशको अवलोकन गरौं अनि परमेश्वरको वचनले प्रार्थनाको बारेमा के भन्दछ भन्ने कुरा सिकौं ।

येशूले एकपल्ट अल्पविश्वासी यहूदीहरुको बारेमा यसो भन्नुभयो : "यस जातिले मलाई ओठले मात्र (प्रार्थना) आदर गर्छ , तर तिनीहरुको हृदय मबाट टाढा छ । तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन् ।" (मत्ती १५ : ८,९)

१. येशू यहाँ ........... लाई एक प्रकारको आराधना ठान्नुहुन्छ , जुन ओठबाट मात्र होइन तर ........... बाट निस्कन्छ ।

बाइबलले यसो पनि भन्छ , "परमेश्वरको नजर धर्मात्माहरुमाथि रहन्छ । उहाँका कान तिनीहरुका प्रार्थनातिर खुला हुन्छन् ।" (१ पत्रुस ३ : १२)

२. पत्रुस अनुसार परमेश्वरले तिनीहरुको प्रार्थना सुन्नुहुन्छ जो ........... छन् , अर्को शब्दमा, (परमेश्वरमा) विश्वास राख्नेहरु ।

(हिब्रू:४: १६) ले हामीलाई बताउँछ , "साहससँग (प्रार्थनाद्वारा) अनुग्रहको सिंहासन नजिक जाऔं । तब हामीले कृपा प्राप्त गर्नेछौं । खाँचोको समयमा सहायता पाउनलाई अनुग्रह प्राप्त गर्ने छौं ।"

३. त्यसोभए हामीले परमेश्वरको प्रार्थना कसरी गर्नुपर्छ ?

.....................................................................

प्रेरित पावलले पनि प्रार्थनाको बारेमा चर्चा गरेका छन् । उनी भन्छन् ,“कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरुका बिन्ती परमेश्वरमा जाहेर होऊन्,। (फिलिप्पी ४ : ६)

४.तसर्थ , प्रार्थना भनेको ......... गर्नु र .......... दिनु हो ।

हामीले कसको प्रार्थना गर्ने हो ? जब दानिएल (सिंहको खोरको प्रसिद्धि) समस्यामा थिए , उनले भने ,“मैले परमप्रभु परमेश्वरलाई  प्रार्थना गरें । मैले अन्तर्बिन्ती गरें । मैले उहाँलाई धेरै अर्जी गरें । मैले केही पनि खाईन ।” (दानिएल ९ : ३)

५.हामी हाम्रो प्रार्थना सोझै ....................लाई सम्बोधन गर्न सक्छौं ।

प्रेरित पावल आफ्नो शिष्य तिमोथीलाई भन्दछन् ,“सबै ठाउँमा पुरुषहरुले प्रार्थना गरुन भन्ने म  चाहन्छु ।” ( १ तिमोथी २ : ८) अनि (१ थेसलोनिकी ५ : १७ )मा उनी हामीलाई “निरन्तर प्रार्थना  गरिरहो” प्रेरणा दिन्छन् सम्झाउँदछन् ।

६.हामी परमेश्वरको प्रार्थना कुनै ........................ मा अनि कुनै ...................... मा गर्न  सक्छौं ।

येशू स्वयम हामीलाई भन्नुहुन्छ , “तिमीहरुले मेरो नाउँमा पितासँग जे माग्छौ उहाँले त्यो तिमीहरुलाई दिनुहुनेछ ।” ( यूहन्ना १६ : २३)

७. परमेश्वरको निम्ति केही पनि हस्तक्षेपकारी हुँदैन । हामी उहाँसँग ........माग्न सक्छौं , जहाँसम्म हामी ............... माग्दछौं , यसको अर्थ, येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसकै लागि  परमेश्वरले जवाफ दिनुहुनेछ भनी हामी जान्दछौं ।

(तपाईंको उत्तरहरु पेज ८ को मुनीतिर हेर्नुहोस्।

तर सर्वप्रथम , प्रार्थना हाम्रो पक्षबाट निश्चित गरौं । तपाईंले यस खण्डमा जे सिक्नु भयो सो पुनः स्मरण गरेर खाली ठाँउ भर्नुहोस् ।

प्रार्थना (१) ............................ को एउटा स्वरुप हो ,
जसमा (२) ................. ले (३)..................
(५) ...................... लाई ..................  ,
कुनै (६)......................., कुनै ......................
(७)   .................. को निम्ति
(८)   ................. को नाममा (४) .................
गर्दछन् र ....................... दिँदछन् ।

(तपाईंको उत्तरहरु पेज ९ को मुनीतिर हेर्नुहोस्।

प्रार्थनाको अर्को पक्ष पनि छ । यो परमेश्वरको पक्ष हो । हामी अनुरोध गर्दछौं अनि धन्यवाद दिँदछौ , अनि परमेश्वरले त्यसलाई ग्रहण गर्नुहुन्छ ।

बाइबलले प्रार्थनामा परमेश्वरको पक्ष बारे हामीलाई सबै कुरा बताउँदछ । परमेश्वरले हाम्रो प्रार्थना ठीक समयमा, हाम्रो भलाईको निम्ति सुन्न र उत्तर दिन वचन दिनुहुन्छ किनकि उहाँ हाम्रो वास्ता/ख्याल गर्नुहुन्छ ।

माथिको पत्रुसको भनाई सम्झनुहुन्छ ? उनी भन्दछन्, “परमेश्वरको नजर धर्मात्माहरुमाथि रहन्छ । उहाँका कान तिनीहरुका प्रार्थनातिर खुला हुन्छन् ।” (१ पत्रुस ३ : १२)

८. परमेश्वरले हाम्रो प्रार्थनाहरुमा ………… प्रतिज्ञा दिनु हुन्छ ।

तर परमेश्वरले हाम्रो प्रार्थना सुन्नु भन्दा धेरै नै गर्नुहुन्छ । येशू भन्नुहुन्छ ,“तिमीहरुले मेरो नाउँमा पितासँग जे माग्छौ उहाँले त्यो तिमीहरुलाई दिनुहुनेछ ।” (यूहन्ना १६ : २३)

९. यसको अर्थ परमेश्वर हाम्रो प्रार्थनाको …………………दिने प्रतिज्ञा गर्नुहुन्छ । रोमीमा पावल भन्दछन् , “परमेश्वरले चाहे जस्तै पवित्र आत्मा (परमेश्वरको) ले विश्वास गर्नेहरुको निम्ति प्रार्थना गर्नुहुन्छ ।” (रोमी ८ : २६)

पेज नं. ५ देखि ७ सम्मका उत्तरहरु : १) प्रार्थना हृदय ; २) धर्मात्माहरु ; ३) साहससँग ; ४) अनुरोध, धन्यवाद ; ५) परमेश्वर ; ६) ठाँउ, समय ; ७) जेसुकै , उहाँको नाममा ।

१० ..................... को पवित्र आत्माले विश्वास गर्नेहरुको निम्ति प्रार्थना गर्नुहुन्छ ।

यसले परमेश्वरले प्रार्थनाको जवाफ दिएकोमा (भजनसंग्रह १४५ : १५) ले प्रशंसा गरेको छ । भन्छ , "सबै प्राणीहरुका आँखाले भोजनको निम्ति तपाईंतिर हेर्दछन् । तपाईंले त्यो (भोजन) ठीक समयमा दिनुहुन्छ ।"

११ परमेश्वरले हाम्रो प्रार्थनाको उत्तम तरिकाले उत्तर दिनु मात्र हुन्न ; उहाँले त्यसको जवाफ ठीक ...................... मा पनि दिनुहन्छ ।

(रोमी ८ :२८ ) मा पावल हामीलाई भन्दछन् , "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरुका निम्ति र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।"

१२ हाम्रो प्रार्थनाको जवाफ दिएर परमेश्वरले हरेक कुरामा हाम्रो ...........................गर्नुहुन्छ ।

पृष्ठ ७ को समिक्षाको उत्तरहरु : १) आराधना; २) विश्वास गर्नेहरु ; ३) साहससँग ; ५) परमेश्वर ; ६) ठाउँ , बेला ; ७) जे सुकै ; ८) येशू ४) अनुरोध, धन्यवाद ।

र अन्त्यमा , बाइबलले भन्दछ , "तिमीहरुका सारा फिक्री उहाँ (परमेश्वरको) लाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरुको वास्ता गर्नुहुन्छ ।" ( १ पत्रुस ५ : ७)

१३ परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ अनि जवाफ दिनुहुन्छ किनकि उहाँ हाम्रो .................... गर्नुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज १० को मुनीतिर हेर्नुहोस्।)

अब हामी प्रार्थनाको दोस्रो पक्षको निश्चयता गरौं । तपाईंले यस खण्डमा जे सिक्नुभयो सो पुनः स्मरण गरी खाली ठाँउ भर्नुहोस् ।

परमेश्वरले हाम्रो प्रार्थना (१०) .................. को पवित्र आत्माद्वारा ठीक (११) ................. मा हाम्रो (१२) ................... को निम्ति (८) .............अनि (९) ..............दिने वचन प्रतिज्ञा गर्नुहुन्छ किनभने उहाँले हाम्रो (१३) .....................गर्नुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज ११ को पछाडि हेर्नुहोस्।

पेज नं. ८ देखि १० सम्मका उत्तरहरु : ८ सुन्ने ९ जवाफ १० परमेश्वर ११ समय१२ भलाइ १३ वास्ता


# अध्याय एकको परीक्षा

प्रार्थनाको बारेमा बाइबलले जे भन्दछ सोही अनुसार निम्न खाली ठाँउ भर्नुहोस् ।

प्रार्थना (१) .......................... को एउटा स्वरुप हो , जसमा (२) ..................... ले (३) ..................... (५) .................... लाई , कुनै (६) ................., कुनै ................. (७) ...............को निम्ति (८) ................. को नाममा (४) .................... गर्दछन् र ............................दिदँछन् । परमेश्वरले हाम्रो प्रार्थना ठीक (१२) .......................... मा हाम्रो (१३) ................. को निम्ति उहाँकै (११) ....................... (९) ............... अनि (१०) ....................दिनुहुन्छ किनकि उहाँ हाम्रो (१४) ..................... गर्नुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज. ७६ मा हेर्नुहोस् ।)

पेज नं. १० को समिक्षात्मक उत्तरहरु : ८. सुन्ने ९ जवाफ १०. उहाँ ११. समय १२. भलाइ १३. वास्ता



येशूले आफ्ना चेलाहरुलाई तिनीहरुका स्वर्गिय पितालाई कसरी प्रार्थना गर्नुपर्छ भन्ने बारे सिकाउनुभयो ।



अध्याय दुई

# प्रभुको प्रार्थना भनेको के हो ?

प्रार्थनाको बारेमा अब हामी जान्दछौं, विशेष प्रकारको प्रार्थनाको सम्बन्धमा हामी हेरौं । यो प्रार्थना स्वयंम प्रभु येशूले सिकाउनु भएको हो । यस अध्यायमा तपाईंले (निम्न कुराहरु) सिक्नुहुनेछ :

* प्रभुको प्रार्थनाको उत्पति ; अनि
* प्रभुको प्रार्थनाको वचनहरु

सत्य परमेश्वर अनि सत्य मानिस भएकोले येशूले हामीलाई प्रार्थना गर्ने उत्तम उपाय देखाउनु भयो । येशू बारम्बार प्रार्थना गर्नुहुन्थ्यो । उहाँका केही प्रार्थनाहरु बाइबलमा उल्लेखित छन् । तपाईंसँग बाइबल छ भने , (मत्ती २६ : ३९-४४) र (यूहन्ना १७ : १-२६) मा तपाईं उहाँका केही प्रार्थनाहरु भेट्टाउनुहुनेछ । येशूका चेलाहरुले उहाँसँग एकपल्ट सोधे , " प्रभु , हामीलाई प्रार्थना गर्न सिकाउनुहोस् " (लूका ११ : १) । अर्को पल्ट , डाँडाको उपदेशको बेला ( मत्ती ६ :५-१५) , येशूले आफ्ना चेलाहरुलाई प्रार्थना कसरी गर्ने सम्बन्धमा सिकाउनु भयो ।

**खण्डको समीक्षा :**

१. हामीलाई कसले प्रार्थना गर्ने उत्तम उपाय देखाउनु भयो ?

२. हामी कुन पुस्तकमा येशूका केही प्रार्थनाहरु पढ्दछौं ?

३. तिनीहरुलाई प्रार्थना गर्न सिकाउनको लागि येशूलाई कसले अनुरोध गरे ?

(आफ्नो उत्तरहरु पेज नं. १६ को मुनीतिर हेर्नुहोस्।

यी दुवैपल्ट , येशूले लगभग उस्तै-उस्तै वचनहरु प्रयोग गर्नु भएको छ । त्यसै बेलादेखि मानिसहरुले येशूका वचनहरु प्रार्थनामा प्रयोग गर्दै आएका छन् । यस प्रार्थनालाई उनीहरु "प्रभुको प्रार्थना" भन्दछन् । येशुले प्रयोग गर्नुभएको वचनहरु यी हुन् :

" हे हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । तपाईको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् ।हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् ।हाम्रा अपराध क्षमा गर्नुहोस, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौ । हामीलाई परिक्षामा पर्न नदिनुहोस् । तर , दुष्टबाट छुटाउनुहोस् ।"

तपाई प्रभुको प्रार्थनाको अर्को वचनसँग अझ बढ्ता परिचित हुनुहुन्छ होला :

" हे हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ,तपाईको नाउँ पवित्र होस् ।

तपाईको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस

पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् ।हाम्रा अपराध क्षमा गर्नुहोस, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौ ।

हामीलाई परिक्षामा पर्न नदिनुहोस् । तर , दुष्टबाट छुटाउनुहोस् । ।

किनभने राज्य पराकम र महिमा सदासर्वदा तपाईकै हुन् । आमिन ।

यी भिन्न वचनहरु बाइबलका बेग्ला-बेग्लै अनुवादबाट आएका हुन् । यदि तपाईंले ध्यानदिएर हेर्नुभयो भने, शब्दहरु भिन्दा-भिन्दै भएता पनि सार चाहिं एउटै पाउनु हुन्छ । मानिसहरुले प्रार्थना गर्दा प्रभुको प्रार्थनाका वचनहरु आफुलाई सहज लाग्ने शब्दहरुमा प्रयोग गर्दछन् । उनीहरुसँग जुन बाइबल छ त्यसैमा छापिएका वचनहरु उनीहरु प्रयोग गर्दछन् । अन्त्यमा दिइएका पदहरु , जुन प्रभुको प्रार्थना गर्दा मानिसहरु प्रयोग गर्दछन् , ती वास्तवमा येशूको प्रार्थनाको अंश होइन जुन हामी बाइबलमा पढ्दछौं । हामी यी वचनहरु बारे अध्याय ५ मा छलफल गर्नेछौं ।

पेज नं.१४ का उत्तरहरु : १. येशू ; २. बाइबल ; ३. उहाँका चेलाहरु ।

**खण्डको समिक्षा :**

४. येशूले आफ्नो चेलाहरुलाई प्रार्थना गर्ने सम्बन्धमा सिकाउनु भएको वचनहरुलाई तपाईं के भन्नुहुन्छ ?

...............................................................

५. येशूले आफ्ना चेलाहरुलाई प्रार्थना गर्न सिकाउनु भएको वचनहरु के हुन् ? (यदि तपाईंलाई थाहा छैन भने , अब प्रभुको प्रार्थना सिक्नको लागि समय निकाल्नुहोस् )

...............................................................
...............................................................
...............................................................
...............................................................
...............................................................
...............................................................
...............................................................
...............................................................
...............................................................
...............................................................

६. कोही मानिसहरु किन प्रभुको प्रार्थना भिन्दै शब्दहरुमा गर्दछन् ? किनभने ............................. को भिन्दा भिन्दै अनुवादहरु छन् ।

(आफ्नो उत्तरहरु पृष्ठ १८ को मुनीतिर हेर्नुहोस् )

## अध्याय दुईको परिक्षा

प्रभुको प्रार्थनाको वचनहरु तल लेख्नुहोस् :

................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
........................................................... ।

(तपाईंको उत्तरहरु पेज नं. ७६ मा हेर्नुहोस् )

पेजका १७ का उत्तरहरु : ४ प्रभुको प्रार्थना ; ५ पृष्ठ १५ र १६ मा दिईएको प्रार्थनाका वचनहरु हेर्नुहोस ; ६ बाइबल ।



**अध्याय तीन**

# हाम्रा पिता, यो तपाईंको निम्ति हो ......

तपाईं अब प्रभुको प्रार्थना बारे जान्नुहुन्छ , यसको अर्थ के हो भन्ने सम्बन्धमा सिक्ने बेला हो यो । येशूले आफ्ना उचित विचारहरु मात्र आफ्ना प्रार्थनामा राख्नुभयो । हामी प्रभुको प्रार्थनाका यी वचनहरु बारे जे-जति सक्दछौं त्यति अध्ययन गर्न र सिक्न चाहन्छौं । यो अध्यायको अन्त्यमा , तपाईं जान्नु हुनेछ :

* येशूले परमेश्वरलाई "किन हाम्रो पिता" भन्नुहुन्छ ;

* हामी परमेश्वरको नाम कसरी पवित्र राख्न सक्दछौं ;

* परमेश्रको राज्य भनेको के हो अनि यो कहाँ छ ; अनि

* परमेश्वरको चाहना के हो अनि हामी परमेश्वरको चाहना कसरी पुरा गर्न सक्छौं ।

प्रभुको प्रार्थना खण्डहरुमा विभाजित छन् जसलाई अनुग्रह भनिन्छ । अनुग्रह त्यो हो जसमा हामी केही माग्दछौं । प्रभुको प्रार्थनाको सातवटा अनुग्रहहरु छन्, प्रार्थनाको प्रारम्भ लगायतदेखि शुरु भएर सम्बोधन, प्रार्थनाको समाप्ति, प्रशंसा, जुन हामी अध्याय ५ मा छलफल गर्नेछौं ।

प्रभुको प्रार्थनाको सम्बोधन अनि प्रभुका अघिल्ला तीनवटा अनुग्रहहरु सबैले परमेश्वरको बारेमा भन्दछन् :

" हे हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ,
तपाईको नाउँ पवित्र होस् ।
तपाईको राज्य आओस् ।
तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस
पृथ्वीमा पूरा होस् ।

## खण्डको समीक्षा :

१. प्रभुको प्रार्थना खण्डहरुमा विभाजित छन् जसलाई ............भनिन्छ :

**क**) अनुग्रह **ख**) प्रार्थना **ग**) आज्ञाहरु

२. प्रभुको प्रार्थनामा कतिवटा अनुग्रहहरु छन् ?

**क**) ३ **ख**) ५**ग**) ७ **घ**) ९

३. प्रार्थनाको पहिलो वचन ( हाम्रो पिता जो स्वर्गमा हुनुहुन्छ ) लाई के भनिन्छ ?

**क**) सम्वोधन **ख**) अनुग्रह**ग**) प्रशंसा


४. पहिलो तीन अनुग्रहहरु कसको बारेमा छ ?

**क**) हाम्रो **ख**) येशूका चेलाहरुको **ग**) परमेश्वरको

(आफ्नो उत्तरहरु पेज दृद्ध को अन्त्यमा हेर्नुहोस् । )

जब येशूले 'हाम्रो पिता जो स्वर्गमा हुनुहुन्छ' भन्ने वचनमा आफ्ना चेलाहरुलाई प्रार्थना गर्न लगाउनु भयो , उहाँ आफ्ना चेलाहरुलाई भन्दै हुनुहुन्थ्यो कि परमेश्वर साँच्चै नै हाम्रो प्रिय पिता हुनुहुन्छ जसले हाम्रो वास्ता गर्नुहुन्छ ।

प्रेरित पावलले उनको एक पत्रमा लेखेका छन्," विश्वासद्वारा तिमीहरु सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ ।" (गलाती ३ :२६) जब येशूले यो प्रार्थना आफ्ना चेलाहरुलाई सिकाउँदै हुनुहुन्थ्यो, उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु आफ्ना छोराछोरीहरुलाई असल चीज दिन जान्दछौ । स्वर्गमा हुनुहने तिमीहरुका पिताले उहाँसित माग्नेहरुलाई कति बढी गरेर असल चीज दिनुहुनेछ ?" ( मत्ती ७ : ११)



येशू उहाँमा विश्वास गर्नेहरु सबैलाई आफूकहाँ आउनको निम्ति बोलाउनुहुन्छ ।

प्यारा नानीहरुले आफ्ना प्यारा पितासँग पूर्ण विश्वस्त भएर जसरी केही कुरा माग्दछन् त्यसैगरी हामी परमेश्वरसँग प्रार्थना गर्न सक्दछौं ।

हाम्रा पिता , येशूले भन्नुभयो, स्वर्गमा हुनुहुन्छ । भजन संग्रह ११५ : ३ ले भन्दछ , "हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ । उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ ।" परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ । उहाँ जेपनि गर्न सक्नुहन्छ ।

येशूका एकजना भाईले लेखेका छन् ,"हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो , यो ज्योतिका पिताबाट आउँछ " (याकूब १:१७) । परमेश्वरले जे पनि गर्न सक्नुहन्छ , तसर्थ हामी उहाँको शक्ति र प्रेममा पूर्ण विश्वस्त हुन सक्दछौं ।

## खण्डको समीक्षा :

५. येशूले परमेश्वरलाई हाम्रा पिता भन्नुभयो , त्यसैले हामी जान्दछौं कि परमेश्वरले हामीलाई आफ्नै ...................... ठान्नुहुन्छ ।

पेज नं.२० देखि २१ का उत्तरहरु : १ क अनुग्रह ; २ ग ७ ;३ क सम्बोधन ; ४ ग परमेश्वर ।

६. परमेश्वर स्वर्गमा हुनुहुन्छ भनेर येशूले भन्नुभयो, जसले हामीलाई बताउँदछ कि परमेश्वर .....................हुनुहुन्छ , अनि जीवनको प्रत्येक वरदान .................. बाट आउँदछ ।

(आफ्ना उत्तरहरु पेज नं. २६ को अन्त्यमा हेर्नुहोस् )

प्रभुको प्रार्थनाको पहिलो अनुग्रहमा, हामी परमेश्वरसँग माग्दछौं :

तपाइको नाम पवित्र गरियोस् । (यशैया ४२:८) मा परमेश्वर भन्नुहुन्छ , "म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो ।" तर परमेश्वरको नामले हामीले परमेश्वरको बारेमा जानेका सबैकुरा सबैकुरालाई पनि उल्लेख गर्दछ । परमेश्वरले यशैयाद्वारा भन्नुभयो , "मेरो महिमा म अरुलाई दिनेछैन । मेरो प्रशंसा मूर्तिहरुलाई दिनेछैन" (यशैया ४२ :८) । परमेश्वरले भन्नुभयो उहाँको महिमा , प्रशंसा समेत, जसको निम्ति उहाँ योग्य हुनुहुन्छ , ती सबै उहाँका नामका अंग हुन् । तपाईं भन्नसक्नुहुन्छ कि परमेश्वरको प्रतिष्ठा , जुन कुराले उहाँ चिनिनुहुन्छ ती सबैथोक उहाँको नाम हो ।

परमेश्वरको नाम हामीले पवित्र राख्नको निम्ति प्रार्थना नगरे पनि आफैं पवित्र छ । (प्रकाश ३ :७) परमेश्वरको बारेमा भन्दछ , "जो पवित्र अनि सत्य छ ।" तर यस अनुग्रहमा हामी उहाँको नाम हाम्रो मष्तिस्क र हृदयमा राख्नको निम्ति परमेश्वरसँग अनुरोध गर्दछौं ।

येशू तपाईंलाई प्रेरणा दिनुहुन्छ ,"तिमीहरुको ज्योति मानिसहरुका सामुन्ने चम्कोस् । तिनीहरुले तिमीहरुका सुकर्म देखून । र स्वर्गमा हुनुहुने तिमीहरुको पिताको महिमा गरुन् " (मत्ती ५ :१६) परमेश्वरको वचन अनि येशूको शिक्षा अनुसार जीवन बिताएर वास्तवमा हामीले परमेश्वरको नाम यस पृथ्वीमा पवित्र राख्नको निम्ति सहयोग गर्न सक्तछौं ।

हामी परमेश्वरसँग उहाँको खराब प्रतिष्ठा, नामको अनादर गर्नबाट हामीलाई रोक्नुहोस् भनेर पनि प्रार्थना गर्दछौं । कहिले त्यो भयो भन्ने बारे समय तोकेरै परमेश्वर भन्नुहुन्छ , "म मेरो महान नाउँको पवित्रता देखाउनेछु । तिमीहरुले त्यो नाउँ तिनीहरुका बीचमा अपवित्र पारेका छौ । तसर्थ म तिमीहरुद्वारा जाति-जातिको अघि पवित्र प्रकट गर्नेछु । तब तिनीहरुले जान्नेछन् कि म नै परमप्रभु हुँ " (इजकिएल ३६:२३) । हे प्रभु, तपाईको नाम अपवित्र गर्नबाट हामीलाई सदैव रोक्नुहोस् !

## खण्डको समीक्षा :

७. परमेश्वरको नाम "......................................" हो ।

८. परमेश्वरको नाम सबैथोक पनि हो जुन हामी उहाँको बारेमा ........................., उहाँको प्रतिष्ठा ।

९. परमेश्वरको नाम सँधै नै ............................ छ ।

१०. हामी यस अनुग्रहमा परमेश्वरले हामीलाई उहाँको नाम पवित्र .......................मद्दत गरुन भनी प्रार्थना गर्दछौं ।

११. हामी परमेश्वरसँग उहाँको नाम ....................... राख्नबाट पनि हामीलाई बचाउनुहोस् भनी प्रार्थना गर्दछौं ।

(आफ्ना उत्तरहरु पेजको २८ को मुनीतिर हेर्नुहोस् )

प्रभुको प्रार्थनाको दोस्रो अनुग्रह चाहिँ , तपाईको राज्य आओस हो ।येशूले भन्नुभयो, प्रभुको राज्य " यस संसारको होइन" (यूहन्ना १८:३६) । तर उहाँ भन्नुहुन्छ, "परमेश्वरको राज्य तिमीहरुकै बीचमा छ " (लूका १७ : २१)

परमेश्वरले हाम्रो हृदयमा राज्य गर्नुहुन्छ । येशूले हाम्रो हृदयमा शान्तिद्वारा राज्य गर्नुहुन्छ । कलस्सी ३: १५ ले भन्छ , "ख्रीष्टको शान्तिले हाम्रो हृदयमा राज्य गरोस् ।" पावलले लेख्नुभएको छ, "परमेश्वरको राज्य ... परमेश्वरको दृष्टिमा उचित ठहरिनु हो । यसले पवित्र आत्मामा शान्ति र आनन्द ल्याउँदछ " (रोमी १४ : १७) ।

पृष्ठ २३-२४ का उत्तरहरु : ५ सन्तान ६ शक्तिशाली ७ स्वर्ग (तथा पिता)

यस अनुग्रहमा हामी परमेश्वरसँग उहाँको राज्य , उहाँको राज्य शक्ति हाम्रो हृदयमा ल्याऊनको लागि प्रार्थना गर्दछौं । येशू परमेश्वरको प्रार्थनामा भन्नुहुन्छ , "तिमीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस् । तपाईंको वचन सत्य हो " ( यूहन्ना १७ : १७) । परमेश्वरले उहाँको वचनद्वारा हाम्रो हृदयमा राज्य गर्नुहुन्छ । पावलको माथि उल्लेखित भनाई , "परमेश्वरको राज्यले ........ पवित्र आत्मामा शान्ति र आनन्द ल्याउदँछ " नै ती कुराहरु हुन् जुन हामी यस अनग्रहमा परमेश्वरसँग हाम्रो निम्ति गरिदिन प्रार्थना गर्दछौं ।

## खण्डकोसमीक्षा :

१२. परमेश्वरको राज्य यस .................. मा पर्दैन ।

१३. तर , परमेश्वरको राज्य हाम्रो ....................... छ ।

१४. परमेश्वरको राज्य परमेश्वरद्वारा अनुमोदित , अनि हाम्रो .............................मा आनन्द हो ।

१५. परमेश्वरले उहाँको ........................द्वारा हाम्रो हृदयमा राज्य गर्नुहन्छ ।

(आफ्नो उत्तरहरु पेज नं. २९को अन्त्यमा हेर्नुहोस् ।)

प्रभुको प्रार्थनाको तेस्रो अनुग्रहले बताउँछ , तपाईको इच्छा स्वर्गमा जस्तो छ, यस पृथ्वीमा पुरा होस" । येशू हामीलाई भन्नुहुन्छ , "मेरा पिताको इच्छा यो हो , कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस् " ( यूहन्ना ६ :४०) । पावलले आफ्नो चेला तिमोथीलाई भन्नुभयो, "परमेश्वर चाहनु हुन्छ कि सबै मानिसहरुले मुक्ति पाऊन । तिमीहरु सत्यको ज्ञानमा आउन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ " (१ तिमोथी २ : ४) । यो परमेश्वरको चाहना हो कि प्रत्येकले मुक्ति पाउन येशू ख्रीष्टमा विश्वास गरुन् ।

पत्रुस् लेख्दछन्, "असल गरेर नै तिमीहरुले मूर्ख मानिसहरुको अज्ञानतालाई चुप गराउनुपर्छ " (१ पत्रुस २ : १५) परमेश्वरको चाहना यो पनि हो कि हामी येशूको शिक्षा अनुरुप हाम्रो जीवन बिताऔ । यूहन्नाले लेख्नु भएको छ , " परमेश्वरको आज्ञा बमोजिम चल्नु नै प्रेम हो । उहाँको आज्ञा यही हो कि तिमीहरुले प्रेमको अनुसरण गर्नुपर्छ " (२ यूहन्ना ६) । पवित्र जीवनले परमेश्वरलाई खुशी तुल्याउँछ । उहाँको चाहना नै हो कि हामी पवित्र जीवन बाँचौं ।

यस अनुग्रहमा हामी परमेश्वरसँग उहाँको चाहना पुरा होस् भनी प्रार्थना गर्दछौं , यसबारे पावल भन्नुहुन्छ , " हामी पनि उहाँ (परमेश्वर) सँगै हुन चुनिएका थियौं । परमेश्वरले पहिल्यनै आफ्नो योजनामा पार्न हामीलाई छान्ने निर्णय गर्नु भयो । उहाँ सबै कुरा आफ्नो योजना र उद्देश्य अनुरुप कार्य गर्नु हुन्छ " ( एफिसी १ : ११) ।

पेज नं.२५-२६ का उत्तरहरु : ७. प्रभु ८. जान्दछौं ९. पवित्र १०. राख्न ११. अपवित्र ।

हामी परमेश्वरसंग उहाँको चाहना पुरा गर्नमा उहाँलाई सहायता गर्न सकुँ भनेर पनि प्रार्थना गर्दछौं । पावलले पनि भनेका छन् कि, “परेमश्वर तिमीहरुमा काम गर्नुहुन्छ । उहाँ तिमीहरुलाई उहाँको अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने होस् भन्ने चाहनु हुन्छ ।”(फिलिप्पी २:१३)

## खण्डको समीक्षाः

१६. परमेश्वरको चाहना भनेको सबै मानिसहरुले ..................पाऊन अनि............... मा विश्वास गरुन् ।

१७.परमेश्वरको चाहना भनेको येशूको................. अनुरुप हामीले............जीवन बाँच्नु हो ।

१८. तेस्रो अनुग्रहमा पनि हामी परमेश्वरसंग उहाँको..............पूरा होस र हाम्रो............... मा (समेत) उहाँको चाहना पूरा गर्न हामीलाई सहयोग गर्नुहोस भनि प्रार्थना गर्दछौं ।

(आफ्ना उत्तरहरु पेज नं. ३० मा हेर्नुहोस )

पेज नं. २७ का उत्तरहरु : १२ संसार, १३ माझमा, १४ हृदय, १५ वचन ।

तेस्रो अनुग्रहको अन्तिम वचन, स्वर्गमा गरिए झैं पृथ्वीमा पनि गरियोसलाई नियालेर हेरौं । यी वचनहरु ले परमेश्वरको चाहना निर्दिष्ट गर्दछ भन्ने कुरा देखाउँदछ ।

परमेश्वरको नाम स्वर्गमा पवित्र छ । स्वर्गमा स्वर्गदुतहरु र अरु सृष्टिले गाउँदछन् "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान परमेश्वर, जो हुनुहुन्थ्यो, र हुनुहुन्छ र जो आउनुहुनेछ" (प्रकाश ४:८)

अनि परमेश्वरले स्वर्गमा राज्य गर्नुहुन्छ । तीनै स्वर्गदूतहरुले परमेश्वर स्वर्गको सिंहासनमा विराजमान हुनुहुन्छ भनेर पनि गीत गाए । अनि परमेश्वरको चाहना स्वर्गमा सधैं नै पुरा हुन्छ । भजनसंग्रह १०३:२० ले ती स्वर्गदूतबारे गाउँदछ : "हे उहाँका स्वर्गदूतहरु हो, उहाँको वचन पालन गर्ने शक्तिशाली जन हो, परमप्रभुको प्रशंसा गर ।"

पेज नं. २९ को उत्तरहरु : १६ मुक्ति, येशू (वा उहाँको पुत्र), १७, शिक्षा, पवित्र १८ चाहना, जीवन ।

तसर्थ हामी यस अनुग्रहमा स्वर्गमा सधै नै जे-जति पुरा भएझैं पृथ्वीमा पनि ती सबै उहाँको नाम पवित्र रहने गर्दछ, उहाँको राज्य आँउदछ, उहाँले चाहेको हुने गर्दछ , परमेश्वरले पुरा गर्नुहुनेछ (हामीलाई पुरा गर्न सहायता गर्नुहुनेछ) भनी प्रार्थना गर्दछौं ।

## खण्डको समीक्षा :

१९. परमेश्वरको नाम संधै नै............. मा पवित्र रहन्छ ।

२०. परमेश्वरको ............. संधै नै स्वर्गमा आउँदछ ।

२१. स्वर्गमा परमेश्वरको चाहना...................द्वारा पुरा हुंदछ ।

२२. स्वर्गमा झैं............ मा पनि यी कुराहरु वास्तविक (पूरा) होस भनी हामी प्रार्थना गर्दछौं ।

(आफ्नो उत्तरहरु पेज नं. ३२ को मुनीतिर हेर्नुहोस् )

तपाईंले प्रभुको प्रार्थनाको सम्बोधन अनि अघिल्ला तीनवटा अनुग्रहको सम्बन्धमा के सिक्नु भयो भन्ने बारे समीक्षा गरौं । सर्वप्रथम, पछि फर्केर यस अध्यायको खण्डको-समिक्षा माथि पुर्नविचार गर्नुहोस अनि तपाईंले उत्तरहरु पूर्णरुपले बुझ्नुभयो वा भएन निश्चित गर्नुहोस ।

## अध्याय तीनको परीक्षाः

१. प्रभुको प्रार्थनाको प्रारम्भको वचन (हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ) लाई.................... भनिन्छ ।

२. प्रभुको प्रार्थनाको अघिल्ला तीन अनुग्रहहरु सबै................ का बारेमा छन् ।

३. हामीलाई थाहा छ कि परमेश्वर .............. हुनुहुन्छ किनभने उहाँ स्वर्गमा हुनुहुन्छ ।

४. हामी परमेश्वरलाई.............. प्रार्थना गर्दछौं किनभने उहाँ हाम्रो पिता हुनुहुन्छ ।

५. परमेश्वरको नाम परम “.............” हो, अरु सबैकुरा पनि हो जसद्वारा परमेश्वरलाई हामी जान्दछौं, उहाँको................।

६. हामी................ जीवन बिताएर परमेश्वरको नाम पवित्र राख्दछौ ।

पेज ३१ का उत्तरहरु : १९ स्वर्ग, २० राज्य, २१ स्वर्गदूतहरु २२ पृथ्वी

७. परमेश्वरको राज्य............... माभ्रमा छ ।

८. परमेश्वरले उहाँको................ द्वारा हाम्रो..............
मा राज्य गर्नुहुन्छ ।

९. स्वर्गमा................ परमेश्वरको चाहना पूरा गर्दछन् ।

१०. हामी पृथ्वीमा परमेश्वरको.................. पूरा गर्न सकुं
भनेर प्रार्थना गर्दछौं ।

११. परमेश्वरको चाहना चाँही सबै मानिसहरु
...................... हुन भन्ने हो ।

१२. परमेश्वरले उहाँको वचन पनि हामीले मानौं अनि
पृथ्वीमा उहाँको..............पूरा गरौं भन्ने चाहनुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज ७६ मा हेर्नोस)



एउटा मानिस येशूलाई धन्यवाद दिन फर्केर आयो ।



**अध्याय चार**

# अनि जुन यो हामीहरुको निम्ति .....

यस अध्यायको विषय प्रभुको प्रार्थनाको दोस्रो भाग हो । यो अध्यायको अन्त्यमा तपाईं जान्नुहुनेछ :

* दैनिक भोजनको अर्थ के हो ;
* परमेश्वरले हामीलाई किन क्षमा गर्नुहुन्छ अनि हामी अरुलाई किन क्षमा गर्दछौं ?
* हामी कसरी परीक्षामा पर्दछौं , अनि
* परमेश्वरले हामीलाई शैतान/दुष्टबाट कसरी उद्धार गर्नुहुन्छ ।

प्रभुको प्रार्थनाको अघिल्ला तीनवटा अनुग्रहहरु परमेश्वरसँग सम्वद्ध थिए । पछिल्ला चारवटा अनुग्रहहरुले हामीसँग सम्बन्ध राख्दछन् । यी अनुग्रहहरुमा हामी परमेश्वरसँग हाम्रो वास्ता गर्नुहोस् अनि हाम्रो जीवनमा हामीसँगै हुनुहोस् भनी प्रार्थना गर्दछौं ।

चौंथो अनुग्रहले भन्दछ , हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । परमेश्वरलाई थाहा छ कि स्वस्थ्य रहनको निम्ति हामीलाई दिनहुँ भोजन चाहिन्छ । (भजनसग्रह १४५ :१५,१६ )ले भन्दछ : सबै प्राणीहरुका आँखाले तपाईंतिर हेर्दछन् , अनि तपाईंले तिनीहरुको भोजन ठीक समयमा दिनुहुन्छ । तपाईंले आफ्नो मुट्ठी खोल्नुहुन्छ , र सबै प्राणीहरुको मनोरथ पूरा गर्नुहुन्छ । हामीलाई के चाहिन्छ अनि त्यो कुनबेला चाहिन्छ भन्ने कुरा परमेश्वरलाई थाहा छ । धेरै मानिसहरु (भजनसंग्रह १४५:१५,१६) लाई खाना खान अघि प्रार्थनाको रुपमा भन्ने गर्दछन् ।

तर परमेश्वरलाई थाहा छ कि हाम्रा अरु पनि आवश्यकताहरु छन् । जब हामी दुःखी हुन्छौं , हामीलाई हर्षित हुने जरुरत पर्दछ । जब हामी एक्लो हुन्छौं, हामीलाई साथीको जरुरत पर्दछ । जब हामी , घरबाट टाढा हुन्छौं , हाम्रो परिवार र साथीजनले हामीलाई माया गर्छन् कि गर्दैनन् अनि सम्भन्छन् कि सम्भन्दैनन् भन्ने हामी जान्न चाहन्छौं । हामी गरीब छौं भने, हामीलाई पैसा चाहिन्छ । प्रेरित पावलले यसो भनेर परमेश्वरको प्रशंसा गर्नुभयो , “ मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पति अनुसार तिमीहरुको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ ” (फिलिप्पी ४ : १९) ।

हामीलाई बाँच्न र स्वस्थ्य रहनको निम्ति दैनिक जीवनको भोजन चाहिन्छ ।

येशूले हामीलाई आज दैनिक जीवनको खाना दिनुहोस् भनेर भन्नुभएन भन्ने तथ्य बारे तपाईंले थाहा पाइसक्नु भएकै होला । हामी के चाहन्छौं अनि हामीलाई के चाहिन्छ भन्ने बारे प्रभुलाई थाहा छ । र पनि यसमा भिन्नता छ । प्रायः जसो, हामी जे चाहन्छौं त्यो हाम्रो निम्ति असल नहुन सक्छ , अनि परमेश्वरले चाहिँ सधै नै हाम्रो निम्ति भलाइ मात्र गर्नुहुन्छ । तपाईंले स्वीकार गर्नुपर्ने हुन्छ कि परमेश्वरले प्रायःजसो सधै नै हाम्रो चाहना भन्दा धेरै नै आशिष दिनुहुन्छ । येशूले भन्नुभयो ,“यसकरण तिनीहरुजस्ता नहोओ । किनभने तिमीहरुले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरुलाई कुन-कुन कुराको खाँचो छ , सो तिमीहरुका पिता जान्नुहुन्छ (मत्ती ६ : ८)” ।

हामीलाई खाना, लुगा, घर काम  कहिले चाहिन्छ , तथा हामीलाई के– के चाहिन्छ, सो परमेश्वर दुरुस्त जान्नुहुन्छ । येशूले (लूका ११ :३) मा भन्नुभएको छ कि, हाम्रो दैनिक भोजन परमेश्वर हामीलाई “प्रतिदिन” दिनुहोस् । माथि उल्लेखित( भजनसंग्रह , १४५ : १५, १६) ले भन्दछ कि “हामीलाई के चाहिन्छ अनि त्यो ठीक कुनबेला चाहिन्छ” सो परमेश्वरले दिनुहुन्छ ।

येशू चाहनु हुन्छ कि परमेश्वरले सधै नै हाम्रो आवश्यकता पूर्ति गरी रहनुभएको छ भन्ने कुरा हामीले जानौं  । हामीले चिन्ता लिनु पर्दैन ।

(फिलिप्पी ४ :६) ले भन्दछ ,"कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरुका बिन्ती परमेश्वरमा जाहेर होऊन् ।" परमेश्वरले मानिसहरुको भोजन र अन्य शारीरिक आवश्यकता पूर्ति गर्नुहुन्छ । येशू भन्नुहुन्छ परमेश्वरले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ (मत्ती ५ :४५) । तर परमेश्वरले उहाँको पुत्र येशूमा विश्वास गर्नेहरुको लागि विशेष आशिष दिने प्रतिज्ञा गर्नुहुन्छ, । दाऊद, इस्राएलका राजाहरु मध्येका एक, गाउँदछन् ,। "म जवान थिएँ, अब म वृद्ध भएको छु, तर धर्मी जनहरु त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैनँ । (भजनसग्रह ३७ : २५) ।"

## खण्डको समीक्षा :

१. प्रभुका प्रार्थनाका पछिल्ला चार अनुग्रहहरु .................बारेमा छ ।

२. दैनिक भोजन...........हो , जुन हामीलाई बाँच्न र स्वस्थ्य रहनको लागि चाहिन्छ ।

३. हामीलाई के ...................... अनि त्यो कुनबेला चाहिन्छ भन्ने कुरा परमेश्वरलाई थाहा छ ।

४. परमेश्वरले विशेष गरेर ...................... लाई आशिष दिनुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज नं.४१ को मुनीतिर हेर्नुहोस् ।)

पाँचौ अनुग्रहले भन्दछ ।
हाम्रो सम्बन्ध बारे धेरै कुरा गर्दछ ।

परमेश्वरले हामीलाई के कुरामा क्षमा गर्नुहुन्छ ? ( भजनसंग्रह ५१:१,२) मा राजा दाऊद प्रार्थना गर्दछन्, “हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरु मेटिदिनुहोस् । मेरो सबै अधर्मबाट मलाई पूर्ण रुपमा धोइदिनुहोस्, । र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस् ।” दाऊदले धेरै नामहरु प्रयोग गरेता पनि प्रत्येक मुद्दामा ( सन्दर्भमा) उनी पापको बारेमा बोलिरहेका हुन्छन् ।

पाप भनेको के हो ? यूहन्नाले लेखेका छन्,। “पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । वास्तवमा पाप नै व्यवस्था भङ्ग हो ।” (१यूहन्ना ३:४)

जब हामी परमेश्वरले अशुद्ध,दोषपूर्ण भनेको काम गर्दछौं, तब (हामी) पाप गर्दछौं । अनि जब हामी परमेश्वरले आज्ञा गरेअनुसार गर्दैनौ, (तब पनि) हामी पाप गर्दछौं ।

पाप किन समस्या हो ? (यशैया ५९:१,२ )भन्दछ, "(निश्चय नै) परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, नता उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको छ । तर तिमीहरुका अधर्मले तिमीहरुलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरुका पापले गर्दा उहाँको मुहार तिमीहरुबाट छेकिएको छ, " पापले हामीलाई परमेश्वर र परमेश्वरको प्रेमबाट अलग गर्दछ । पावलले कलस्सीहरुलाई लेखेका छन्, "किनकि आफूले गरेको कुकर्मको फल कुकर्मीले पाउने छ । परमेश्वरले यसमा पक्षपात गर्नुहुन्न (यसमा पक्षपात हुँदैन) ।" (कलसी ३:२५) । पापले हामीलाई अपराध/गलत काम गरेवापत दोषी ठहर गर्दछ, तसर्थ यसलाई सजाय गर्नैपर्छ । निष्कर्षमा, सबभन्दा खराब त, जस्तो पावलले हामीलाई भन्दछन् , "पापको ज्याला मृत्यु हो ।" (रोमी ६:२३)। पापले मार्दछ ।

पाप गर्नु भनेको मृत्यु कमाउँछ ।( हत्या मात्र होइन, अपराध मात्र होइन, तर सबै पापले हामीलाई मृत्यु  कमाउन लगाउँदछ । साँच्चै यो आश्चर्य नै हो। जुन पावल लेख्दछन्, "एउटा मानिसद्वारा संसारमा पाप आयो । पापकै कारणले गर्दा सबै मानिसमा मृत्यु फैलियो (रोमी ५:१२) । पाप एउटा गम्भीर विषय हो ।

यदि पाप यस्तो भयानक छ भने, परमेश्वरले हामीलाई किन क्षमा दिनुहुन्छ त? यो प्रश्नको उत्तम उत्तर अर्को प्रश्नको उत्तर दिएर मात्र दिन सकिन्छ : परमेश्वरले हामीलाई कसरी क्षमा गर्न सक्नुहुन्छ ?

उत्तर एउटै शब्दको हुन्छ : येशू । पावल लेख्दछन् , "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (२ कोरिन्थी ५ : २१) । तर ऊ त हाम्रा अपराधहरुका निम्ति छेडियो । हाम्रा अर्धमका निम्ति ऊ पेलियो ।" हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो ।र उसको कोर्राको चोटले हामी निको भयौ।" येशू हाम्रो पापको निम्ति हामीलाई सजाय दिनुको बदला, यशैया भन्दछ , (यशैया ५३ : ५) । परमेश्वरबाट अलग (हुनु) को बदलामा,( २ कोरिन्थी ५ : १८) भन्दछ , यो सब परमेश्वरबाट भएको हो , "हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो ।" पापद्वारा श्रापित हुनुको सट्टा,( गलाती ३ : १३ )भन्दछ ,हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो,किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ "भन्ने लेखिएको छ ।

पेज नं.३८-३९ का उत्तरहरु : १. हामीहरुको २. सबैथोक ३. चाहिन्छ
४. विश्वासीहरु



योसेफले आफ्ना दाज्यूहरुलाई अँगालो हाले अनि
तिनीहरुलाई क्षमा गरे ।

हामीहरु हाम्रो पापको निम्ति मर्नुको बदलामा (रोमी ५.८) ले भन्छ , तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, "कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो ।"

तसर्थ हाम्रो बदलामा खीष्टको पूर्ण जीवन र मृत्युले गर्दा, परमेश्वरले हामीलाई क्षमा गर्न सक्नुभयो । (रोमी ३ :२४) ले भन्छ , "परमेश्वरको अनुग्रहको वरदानले खीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएका छौं ।"

परमेश्वर हामीप्रति यति धेरै दयालु हुनुहुन्छ । हामी सजायको भागीदार, परमेश्वरबाट अलग, अनि हाम्रो पापको निम्ति मृत्यु समेत वहन गर्ने भएका थियौं । तसर्थ उहाँ हामीले पनि हामी वरिपरिका अरुलाई त्यस्तै दया देखाऔं भन्नुहुन्छ । (एफिसी ४:३२) ले हामीलाई सचेत गराउँदछ, जसरी परमेश्वरले खीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो , त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्काप्रति कोमल मनका र दयालु होओ । परमेश्वर भन्नुहुन्छ , " एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक–अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले  तिमीहरुलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरुले पनि क्षमा गर्नुपर्छ (कलस्सी ३ : १३) ।" कसैले यदि हामीलाई चिढयाएको छ , आघात गरेको छ तथा हामी विरुद्ध पापकर्म गरेको छ भनेतापनि , हामीले निश्चित राख्नु पर्दछ, कि हामीले अरुलाई जहिल्यै पनि क्षमा गरेको भन्दा धेरै बढी गरेर परमेश्वरले हामीलाई क्षमा गर्नुभएको छ ।

प्रभु येशू तपाईंको निम्ति उदाहरण बनून् । सम्झना रहोस् । येशूको कारणले नै परमेश्वरले हामीलाई क्षमा गर्नुहुन्छ । हामी यस अनुग्रहमा अरुलाई सोही प्रकारले क्षमा गर्नको निम्ति परमेश्वरले हामीलाई शक्ति अनि विश्वास प्रदान गरुन भनि प्रार्थना गर्दछौं ।

## परिच्छेद समीक्षा :

५. पाप.............................. हो ।

६. कति मानिसहरुले पाप गरेका छन् ?

.......................................................................

७. तल दिएका मध्ये कुन-कुन पापका कारण हुन् ?

सजाय, परमेश्वरबाट अलग, आनन्द, शान्ति, सुरक्षा, श्राप, मृत्यु, अपराध

८. परमेश्वरले हाम्रो पाप कसरी क्षमा गर्न सक्नुहुन्छ ?

(क) हामी अर्को पल्ट अझ कठीन प्रयत्न गर्नेछौं भन्ने उहाँलाई थाहा छ।

(ख) हामी भन्दा पनि खराब मानिसहरु हुन्छन् भन्ने उहाँलाई थाहा छ ।

(ग) येशू हाम्रो लागि मर्नुभयो ।

९. जस-जसले हाम्रो विरुद्धमा पाप गरेको छ वा हामीलाई आघात पूर्‍याएको छ तिनीहरुप्रति हामीहरुले कस्तो व्यवहार गरौं भन्ने परमेश्वर चाहनुहुन्छ ?

(क) उहाँ चाहनु हुन्छ कि हामी तिनीहरुसंग बदला लिऔं ।

(ख) उहाँ चाहनु हुन्छ कि उहाँले हामीलाई क्षमा गरे झैं तिनीहरुलाई क्षमा दिऔं ।

(ग) उहाँ चाहनु हुन्छ कि हामी तिनीहरुलाई दु:ख दिने कोशिष गरौं ।

(तपाईंको उत्तरहरु पेज नं.४७ को मुनीतिर हेर्नुहोस ।)

छैटौं अनुग्रहले भन्दछ । हामी परमेश्वरसंग हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्। भनि प्रार्थना गर्दछौं । परीक्षामा पार्ने कुराले पाप तर्फ डोरयाउँदछ । जस्तै: याकूबले लेख्दछन् ,"तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ । तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ । अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ ।" (याकूब १:१४, १५)

हामीलाई परीक्षामा पर्न कसले लगाउँदछ ? निश्चितरुपले परमेश्वरले हामीलाई परीक्षामा पार्न लगाउनु हुन्न । याकूब पनि भन्दछन कि, "परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परीक्षा भएको हो । "किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न । (याकूब १:१३) ।



परमेश्वरको विरुद्धमा कुनै पापकर्म गर्नेछैन भनि येशूले शैतानलाई भन्नुभयो ।

(प्रकाश १२ : ९) ले हामीलाई बताउँदछ कि “ अजिङ्गर त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने जसलाई दियाबलस वा शैतान भनिन्छ । यसले सारा संसारलाई बहकाउँदछ ,” अनि हामीलाई परीक्षामा पार्दछ । यूहन्ना लेख्दछन् , “संसारका मानिसहरुले गर्ने भनेको ................ आफूमा भएको र आफूले गरेकोमा शेखी (गर्नु हो) । यी सब संसारबाटै आएका हुन् । पिताबाट यी कुनै पनि आएका होइनन् ” (१यूहन्ना २: १६) । संसार कहिलेकहिँ धेरै नै छली हुन्छ । अनि गलातीले भन्दछ , “ पापस्वभावका लालसा पवित्र आत्मा विरुद्ध हुन्छन् ।” हाम्रो शरीरको अभिलाषाले पनि पापतिर डोर्याउँदछ । शैतान ,संसार अनि हाम्रो पापमय प्रवृति सबैले हामीलाई परीक्षामा पार्न कोशिष गर्दछन् । केही मानिसहरु यसलाई तीन अपवित्र तत्व भन्दछन् ।

हामी यस अनुग्रहमा परमेश्वरसँग ती परीक्षाहरुमा पर्नबाट हामीलाई रक्षा गर्नुहोस् भनी प्रार्थना गर्दछौं ! येशू हामीलाई घच्घच्याउनु हुन्छ ,“ जागा रहो , प्रार्थना गर , र परीक्षामा नपर । (मत्ती २६ :४१) हामी यो पाउँछौं पनि । (हिब्रू २:१८ ) ले हामीलाई बताउँछ ।“,उहाँ (येशू) आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो,यसैले परीक्षामा पर्नेहरुलाई उहाँले सहायता गर्न सक्नुहुन्छ ।

पेज नं. ४४-४५ का उत्तरहरु : ५. अनाज्ञाकारिता ६. प्रत्येकले
७. सजाय, परमेश्वरबाट अलग, सराप, अपराध (दोष), मृत्यु
८. ग येशू हाम्रो बदलामा मर्नुभयो ९. ख उहाँले हामीलाई क्षमा गरे झै हामीले तिनीहरुलाई क्षमा दिऔं भन्ने उहाँ चाहनुहुन्छ ।

त्यसैले परीक्षामा पर्नेहरुलाई उहाँले सहायता गर्न सक्नुहुन्छ । प्रेरित पावल लेख्दछन् , “मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरु अरु परीक्षामा  परेका छैनौ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ - यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौं” (१ कोरिन्थी १० : १३) परमेश्वरले जहिले पनि उम्कने बाटो बनाइदिनुहुन्छ ।

## परिच्छेद - समीक्षा

१०. परीक्षा/पाप गर्ने इच्छा - (प्रलोभन) ले हामीलाई के  गर्न लगाउने प्रयत्न गर्दछ ?

..............................................................................

११. कुन– कुन तीन अपवित्र तत्वहरु हुन् जसले हामीलाई ( पाप गर्न तर्फ) परीक्षामा पार्न मद्दत गर्दछ ?

..............................................................................

..............................................................................

..............................................................................

१२. परीक्षामा पर्न (पापतिर डोर्याइन) बाट हामीलाई कसले रक्षा गर्नुहुन्छ ?

## १३. परमेश्वरले के जुटाइदिनु हुन्छ जब-जब हामी परीक्षामा पर्दछौं ?

.....................................................................

(तपाईंका उत्तरहरु पेज नं. ५० को अन्त्यमा हेर्नुहोस् )

प्रभुको प्रार्थनाको अन्तिम अनुग्रहले व्यक्त गर्दछ/भन्दछ , हामीलाई दुष्टबाट बचाउनुहोस् । अघिल्लो परिच्छेदमा हामीले देख्यौं कि दुष्ट भनेको दियाबलस , तथा शैतान हो, अनि त्यसले हामीलाई परीक्षामा पार्दछ (पापमा फसाउँदछ) । तर शैतान सबै किसिमको पापी इच्छाहरुको प्रारम्भिक श्रोत हो । (उत्पति १ : ३१) ले हामीलाई उत्पतिको/सृष्टिको छैटौं दिनमा बताउँदछ , "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो । र त्यो साह्रै राम्रो थियो । त्यसबखत संसारमा दुष्ट नै थिएन । तर तब शैतानले प्रथम मानव , आदम र हव्वालाई परीक्षामा पार्‍यो (दुष्कर्म गर्न लगायो) । (तपाईंसँग बाइबल छ भने , उत्पतिको पुस्तकको तीन अध्यायमा यो विवरण पढ्न सक्नुहुन्छ । उत्पति बाइबलको पहिलो पुस्तक हो ।)"

अब यूहन्नाले भने अनुसार , "सारा संसार त्यस दुष्टको अधीनमा परेको छ " (१ यूहन्ना ५ : १९) । (१ पत्रुस ५ : ८) मा हामीलाई चेतावनी दिइन्छ "तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिँहझैं खोजिहिँड्छ ।"

परमेश्वरले हामीलाई शैतानबाट अनि त्यसले हामीमा उत्पन्न गरेको सबै किसिमको दुष्ट (पापमय प्रवृति) बाट बचाउने प्रतिज्ञा गर्नुहुन्छ । उहाँले यो (काम) तीन तरिकले गर्नुहुन्छ :

१. उहाँ यसलाई हटाउनुहुन्छ (पन्छाइदिनुहुन्छ) । ( भजनसंग्रह ९१ : १०) ले प्रतिज्ञा गर्दछ , "तिम्रो कुनै अनिष्ट हुनेछैन । तिम्रो घरको नजीक कुनै विपत्ति आउने छैन ।"

२. उहाँले हामीलाई यो खप्नको निम्ति सशक्त ( शक्तिशाली) बनाउनुहुन्छ ।( भजनसंग्रह ९४ : १८,१९) भन्दछ , "मेरो खुट्टा चिप्लिरहेछ " भनी जब मैले भने , तब तपाईंको प्रेमले मलाई थाम्यो , हे परमप्रभु । जब मेरो मनमा ज्यादा फिक्री भयो , तपाईंको सान्त्वनाले मेरो प्राणलाई आनन्दित तुल्यायो ।

३. उहाँले खराब कुराहरु (परिणामहरु) हाम्रो भलाइ मा परिणत गरिदिनुहुन्छ । (रोमी ८ : २८) ले भन्दछ , "हामी जान्दछौं , उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।"

यसको अर्थ हामी ईसाईहरु कहिल्यै पनि दुष्टहरुबाट सताइने छैनौं त ? अहँ, होइन । येशूको प्रार्थना यस्तो ( खाल्को) छैन/होइन ।

पेज नं. ४८-४९ का उत्तरहरु : १०. पाप ; ११. शैतान, संसार , हाम्रो पापमय प्रवृत्ति ; १२. परमेश्वर ; १३. उम्कने बाटो ।

(उहाँले) परमेश्वरसँग हामीलाई शैतान बाट छुटकारा रक्षा गर्नुहोस् भनी प्रार्थना गर्नुभयो ।

परमेश्वरले हामीलाई शैतानको दु:ख-कष्टमा किन पर्न दिनुहुन्छ ? उहाँले हामीलाई शैतानको दु:ख-कष्टबाट कसरी रक्षा गर्नुहुन्छ भन्ने बारे फेरि हेर्नुहोस् । सर्वप्रथम , जब उहाँले हामीबाट दुष्ट हटाउनु हुन्न (तरिका # १) , तब हाम्रो विश्वास दृढ गर्ने र उहाँमा विश्वास गर्ने (तरिका # २), अनि खराब कुराहरु हाम्रो अनि पूरै राज्यको भलाइमा परिणत गर्ने मौका समेत उहाँले पाउनुहुन्छ । कस्तो महान, शक्तिशाली अनि महिमित परमेश्वर ! कहिलेकाहिँ उहाँले हामीलाई दु:खमा पर्न दिनुहुन्छ , तर उहाँले स्वीकृति दिएर मात्र, अनि यसको पहुच र हामीमा यसको प्रभाव उहाँले रोक्नुहुन्छ । पावल लेख्दछन् , “किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ” (२ कोरिन्थी ४ : १७)

रोमीमा पावलले भन्दछन् ,“ हामीमा जुन महिमा प्रकट गरिनेछ , त्यससँग वर्तमान समयका कष्टहरु तुलना गर्न योग्य छैनन् ” (रोमी ८ : १८) ।

## यो खण्डको पुनरावलोकन गर्नु :

१४. दुष्ट चाहिँ एक को हो ?

१५. के परमेश्वरले हाम्रो जीवनमा दुःख-कष्ट (दुष्ट) ल्याउनुहुन्छ ?

१६. परमेश्वरले हामीलाई दुष्टबाट छुटकारा दिने एउटा तरिका चाहिँ यसलाई (दुष्टलाई) हामीबाट ................ राखेर हो ।

१७. दुष्टबाट छुटकारा दिने अर्को तरिका चाहिँ हामीलाई कष्ट खप्न ...................... बनाउनु हो ।

१८. उहाँले दुष्टबाट छुटकारा दिने तेस्रो तरिका चाहिँ यसलाई हाम्रो ...................... मा परिणत हुने .............. गर्नु हो ।

(आफ्ना उत्तरहरु पेज नं. ५४ को अन्त्यमा हेर्नुहोस्।)

यसले प्रभुको प्रार्थनाको अनुग्रहलाई यही टुंग्याउँदछ । अर्को अध्यायमा हामी प्रभुको प्रार्थनाको प्रशंसा र साथै बाइबलका अरु केही प्रार्थनाहरुको अवलोकन गर्दछौं । अब अध्याय-परीक्षाको निम्ति परिच्छेद-समीक्षाका प्रश्नहरुमाथि पुनविचार गर्नुहोस् । प्रत्येक उत्तरहरु ठीकसँग जाने-नजानेको बारे निश्चित हुनुहोस् ।

## अध्याय चारको परीक्षा

१. पढाईको अन्त्यमा अन्तिम परीक्षाको लागि, तपाईंले प्रभुको प्रार्थनाका वचनहरु जान्नुपर्ने नै हुन्छ , तसर्थ तल लेखेर आफूलाई कति को याद भएछ (कण्ठस्थ भएछ) हेर्नुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

............(प्रशंसा अतिरिक्त :) ..............................................

..........................................................................................

..........................................................................................

...........................................................

२. प्रभुको प्रार्थनाको पछिल्ला चारवटा अनुग्रहहरु ............को सम्बन्धमा छन् :

**क.** परमेश्वर **ख.** चेलाहरु **ग.** हामीहरु

३. दैनिक भोजनाको अर्थ :

क) दिनैपिच्छे एक एक खाना

ख) हामी जे चाहन्छौं , हामी जहिले चाहन्छौं

ग) हामीलाई बाँच्न अनि स्वस्थ्य रहन जे– जे चाहिन्छ

४. परमेश्वरले हाम्रो सबै पाप किन क्षमा गर्नुहुन्छ ?

क) येशू हाम्रो बदलामा ती सबैको निम्ति मर्नुभयो

ख) ती व्यक्ति धेरै खराब होइनन्

ग) हामी मानव मात्र हौं भन्ने उहाँलाई थाहा छ

५. यदि परमेश्वरले हामीले जहिले सुकै गरेको प्रत्येक पाप क्षमा गर्नुभएको छ भने, (तब) हामीले पनि ........................

६. हामीलाई पाप गर्न बहकाउने , तीन अपवित्र तत्वहरु ........................... हुन् ।

क) टेलिभिजन , नृत्य , हाम्रो पापमय प्रवृति

ख) दियाबलस , नृत्य, मादक पदार्थ

ग) संसार, टेलिभिजन, मादक पदार्थ

घ) दियाबलस, संसार, हाम्रो पापमय प्रवृति

पेज नं. ५२ का उत्तरहरु : १४.दियाबलस (तथा शैतान) ; १५ ल्याउनु हुन्न ; १६.टाढा ; १७सशक्त ; १८भलाइ, कार्य

७. परमेश्वरले हामीलाई कहिले परीक्षामा पार्नुहुन्छ ?
क) हामी सशक्त छौं भन्ने उहाँलाई थाहा भएमा
ख) हामी भर्खरै धेरै नै पापी भयौं भने
ग) परमेश्वरले हामीलाई कहिले पनि परीक्षामा पार्नुहुन्न

८. दुष्ट चाहिँ एक को हो ?
क) दियाबलस
ख) शैतान
ग) प्राचीन अजिङ्गर
घ) माथि उल्लेखित सबै

९. परमेश्वरले हामीलाई दुष्टबाट कसरी मुक्त गर्नुहुन्छ ?

(तरिका # १)
उहाँले हामीबाट ..........................राख्नु हुन्छ
(तरिका # २)
उहाँले हामीलाई यो खप्न .............बनाउनु हुन्छ ।
(तरिका # ३)
उहाँले यसलाई हाम्रो ................. मा परिणत हुने .......................... गर्नु हो ।

१०. सोचेर गर्नुपर्ने प्रश्नहरु : तल दिएका प्रत्येक वाक्यहरु पूरा गर्नुहोस् । तब प्रत्येकको बारेमा केही समय सोच्नुहोस् । ती सबै पूरा गरिसकेपछि ती बारेमा परमेश्वरसँग प्रार्थना गर्न मन लागेमा गर्नुहोस् ।

क) ममाथि अहिले सम्मकै कसैले गरेको सब भन्दा खराब कुरा :

.................................................................................

.................................................................................

.................................................................................

ख)मैले गरेको अहिले सम्मकै सब भन्दा खराबकुरा पाप हो :

.................................................................................

.................................................................................

.................................................................................

ग) अहिले सम्मकै सबभन्दा खतरा परीक्षा जसमाथि विजय प्राप्त गर्न परमेश्वरले मलाई सहायता गर्नुभयो , यस्तो थियो (त्यो) :

.................................................................................

.................................................................................

.................................................................................

घ) परमेश्वरले मलाई एकपल्ट ................ खप्नको निम्ति सशक्त पार्नुभयो :

.................................................................................

.................................................................................

.................................................................................

ङ) परमेश्वरले एकपल्ट साह्रै खराब अवस्था सृजना गर्नुभयो अनि त्यसलाई मेरो भलाईको निम्ति परिणत गर्नुभयो , जब उहाँले :

..........................................................................

..........................................................................

..........................................................................

(तपाईंका उत्तरहरु पेज नं. ७६ मा हेर्नुहोस् )



(जलप्रलय भएको बेला परमेश्वरले नोआलाई सुरक्षित राख्नुभएकोमा उनले परमेश्वरलाई धन्यवाद दिए ।



अध्याय पाँच

# निष्कर्ष, "आमिन"

# र बाइबलका अन्य प्रार्थनाहरु

यद्यपि तपाईं यसलाई येशूको प्रार्थनासँग बाइबलमा पाउनु हुन्न र पनि विश्वासीहरुले यसलाई सयौं वर्षदेखि प्रभुको प्रार्थनाको अन्तिम हरफमा समावेश गर्ने गरेका छन् । प्रार्थनाको अन्त्यको 'आमिन' प्रार्थना जत्तिकै महत्वपूर्ण छ । हामी यस अध्यायमा बाइबलमा पाइने अन्य केही प्रार्थनाहरुको समेत अवलोकन गर्नेछौं । यो अध्यायको अन्त्यमा तपाईं जान्नुहुनेछ :

* स्तुती प्रशंसा  किन प्रभुको  प्रार्थनाको अंग हो ;

* आमिनको अर्थ के हो र यसले किन महत्व राख्दछ ;

* भजनसंग्रहहरुमा केका बारेमा छन् ; अनि

* अरु विश्वासी मानिसहरुले कसरी प्रार्थना गरेका छन् ।

किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन् भन्ने प्रशंसाका बचनहरु येशूका प्रार्थनामा थपेको देख्दा अनौठो लाग्दछ । तर बाइबललाई झट्ट हेर्दा प्रशंसाको भावना पूरै बाइबलमा नै छ भन्ने देखिन्छ । (प्रकाश १९ : १) मा हामी पढ्दछौं : “ मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन् ।” (प्रकाश १२ : १० )ले भन्छ , : “अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ ।” तपाईंसँग बाइबल छ भने तपाईं अरु पदहरु ( प्रकाश ४ : ११ ; प्रकाश ५ : १२,१३ ;) अनि ( प्रकाश ७ : १२ )हेर्न सक्नुहुन्छ ।

पुरानो करार, बाइबलको त्यो भाग जुन येशू जन्मनु भन्दा पहिले लेखिएको थियो, मा पनि उस्तै प्रकारका शब्दहरु छन् । दाऊद गाउँदछन् , "हे परमप्रभु , महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन् । किनकि स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईं कै हुन् । हे परमप्रभु , राज्य तपाईंकै हुन्, । सबै माथि तपाईं सर्वोच्च हुनुहुन्छ " (१ इतिहास २९ : ११) ।

बाइबलका यिनै प्रकारका पदहरुबाट विश्वासीहरुले प्रशंसाका शब्दहरु लिएका हुन् ।

प्रभुको प्रार्थनाको अर्को महत्वपूर्ण शब्द आमिन हो । आमिन धेरै पुरानो शब्द हो जुन हिब्रू भाषाबाट आएको हो । यसको सबभन्दा (अति) सरल अर्थ हो सत्य । जब यहूदी पूजारीहरुले मानिसहरुलाई धर्मिक उपदेश दिन्थे, तिनीहरुले उपदेशको समर्थनमा कराएर "आमिन !" अर्थात , " हामी त्यो विश्वास गर्छौं ! त्यो ठीक हो !" भन्ने गर्थे । व्यवस्थाको पुस्तकको २७ अध्यायमा धेरै पदहरु छन् जुन मानिसहरुले जोडले "आमिन " भनेको आवाजसँगै अन्त हुन्छ । परमेश्वरले व्यक्त गर्नुभएको वचन सुनेपछि जवाफमा यर्मिया अगमवक्ताले भने "आमिन ! परमप्रभुले त्यसै नै गरुन !" (यर्मिया २८ : ६)

(भजनसंग्रह १०६ :४८ )मा प्रभुको प्रार्थनाको जस्तै स्तुति प्रशंसा उल्लेख छ जुन आमिनमा अन्त हुन्छ । "परमप्रभु इस्राएलका परमेश्वरको प्रशसां अनादि देखि अनन्तसम्मै भइरहोस् । र सबै मानिसहरुले भनून, "आमिन ।" ( परमप्रभुको प्रशंसा गर ।)

नयाँ करार , बाइबलको त्यो भाग जुन येशूको बारेमा र यस पृथ्वीमा उहाँको जीवनपछि लेखिएकोहो, यसमा पनि आमिन शब्द प्रयोग गरिएको छ । येशू आमिन शब्द प्राय : जसो नै प्रयोग गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ , " साँच्चै म तिमीहरुलाई भन्दछु , जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन" (मत्ती ५ :१८) येशूले व्यक्त गर्नुभएको पहिलो वाक्यपद्धति , "साँच्चै म तिमीहरुलाई भन्दछु " आमिन शब्दको सट्टामा अनुवाद गरिएको हो । केही अन्य बाइबलहरुले आमिनलाई अनुवाद गरेर म तिमीहरुलाई साँचो, साँचो भन्दछु , वा, म तिमीहरुलाई सत्य कुरा भन्दछु , वा अरु नै शब्दहरु जसले येशूले विशुद्ध सत्य प्रकट गर्नुभएको देखाउँछ । यदि तपाईंले सुसमाचार (मत्ती , मर्कूस, लूका र यूहन्ना) मा हेर्नुभयो भने येशूले धेरै पल्ट आमिन शब्द प्रयोग गर्नुभएको देख्नुहुनेछ । उदाहरणको लागिः (मत्ती ५ : २६ ; मत्ती ६ : २ , साथै पदहरु ५ र १६ ; मत्ती ८ : १० ; मत्ती १० : १५ र २३ साथै पद ४२) ।

अन्त्यमा, प्रकाशको पुस्तकमा पनि हामी आमिन भेट्टाउँदछौ । हामी , पढ्दछौं : ती चारै जीवित प्राणीले भने , "आमिन !" (प्रकाश ५ : १४) अनि बाइबल निम्न शब्दहरुसँगै अन्त हुन्छ , यी कुराको गवाही दिनेले भन्नुहुन्छ, "निश्चय , म चाँडै आउँदैछु ।"

आमिन , आउनुहोस , हे प्रभु येशू ।

प्रभु येशूको अनुग्रह सबै सन्तहरुसँग रहोस् । आमिन ! ( प्रकाश २२ : २०, २१) प्रभुको प्रार्थनाको अन्त्यमा हामीले आमिन भनेर, हामी भनिरहेका हुन्छौं कि हामीले प्रार्थनाद्वारा मागेका सबैथोक परमेश्वरले हामीलाई दिनुहुनेछ । येशूले यसो भनेर भरोसा दिनु हुन्छ , " तिमीहरुले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु " (यूहन्ना १४ : १३) । परमेश्वरले पनि यसो भनेर भरोसा दिनुहुन्छ ,"परमेश्वरमा हाम्रो पूरा भरोसा छ कि उँहाको इच्छा बमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ" (१ यूहन्ना ५ : १४)

शंका गर्नुपर्ने कुरै छैन । त्यसैले हामी भन्दछौं , आमिन !

**खण्डको-समीक्षा :**

१. प्रभुको प्रार्थनाको अन्तिम हरफलाई .................. भनिन्छ।

२. ठीक वा बेठीक :

प्रभुको प्रार्थनाका अन्तिम शब्दहरु बाइबलमा भएको येशूको प्रार्थनाको अंग थिएनन्। .............................

३. प्रशंसामा प्रयोग गरिएका यस्ता शब्दहरु खास गरेर ..................... का पुराना र .................................. दुवै करारहरुमा पाइन्छ।

४.आमिनको अर्थ :

क) धन्यवाद

ख) समाप्ति

ग) सत्य

५. जब हामी आमिन भन्छौं , हामी अर्थ राख्छौं :
क) हामी जान्दछौं कि परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनु हुन्छ
ख) जे भनिएको थियो त्यो साँचो हो भनी हामी विश्वास गर्दछौं ।
ग) येशू अनि परमेश्वरले भरोसा दिनुहन्छ ।
घ) माथिको सबै

(आफ्ना उत्तरहरु पेज नं. ६६ को अन्तमा हेर्नुहोस् )

अन्त्यमा , हामी बाइबलका अन्य केही प्रार्थनाहरुको अवलोकन गर्न चाहन्छौं । अन्य (आस्थावान) विश्वासी मानिसहरुको प्रार्थना पढेर तथा अध्ययन गरेर हामीले कसरी प्रार्थना गर्नुपर्दछ भन्ने बारे धेरै कुरा सिक्न सक्दछौं । धेरै जसो भजनसंग्रहहरुमा स्तुतिगान मात्र नभएर प्रार्थना पनि हुन भन्ने कुरा (के) तपाईंलाई थाहा भयो ?( भजनसंग्रह ३ दु:खमा परेको मान्छेको प्रार्थना हो । तल दिइएको - भजनसंग्रह ३ पढ्नुहोस् र तपाईंले कहिले कहिं भन्न रुचाउने कुरा यी शब्दहरुले व्यक्त गर्दछन् कि गर्दैनन् हेर्नुहोस् :

हे परमप्रभु , मेरा शत्रुहरु कति धेरै छन् ! मेरो विरुद्धमा उठ्नेहरु धेरै छन् । मेरो विषयमा धेरैले भनिरहेछन् , “परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछैन ।” तर हे परमेश्वर , तपाईं मेरो वरिपरि एक ढाल हुनुहुन्छ ।

तपाईं मेरो गौरव र मेरो शिर उच्च पारिदिने हुनुहुन्छ । म चर्को सोरले परमप्रभुमा पुकार गर्दछु ,र उहाँले आफ्नो पवित्र पर्वतबाट मलाई जवाफ दिनुहुन्छ । म पल्टन्छु, र निदाइहाल्छु, म फेरि बिउँझन्छु , किनभने परमप्रभुले नै मलाई समाल्नुहुन्छ । मेरो विरुद्धमा मेरा चारैतिर घेरा हाल्ने दशौं हजार शत्रुहरुसँग पनि म डराउनेछैनँ ।

हे परमप्रभु , उठ्नुहोस् ! हे मेरा परमेश्वर, मलाई बचाउनुहोस् ! मेरा सबै शत्रुहरुका गालामा चड्काउनुहोस् । दुष्टहरुका दाँत भाँचिदिनुहोस् ।छुटकारा परमप्रभुबाट आउँछ । तपाईंको आशीर्वाद तपाईंका प्रजामाथि रहोस् ।

बाइबलमा जम्मा १५० वटा भजनहरु छन् जसमध्ये धेरै जसो चाहिं कुनै न कुनै किसिमले प्रार्थना नै छन् । केही मानिसहरु सबै भजनहरुलाई प्रार्थनाको रुप दिन्छन्(प्रार्थना ठान्दछन्), किनभने ती सबै नै कि त परमेश्वरको गान वा परमेश्वरको बारेमा छन् ।

हामीले अघिबाटै दाऊदको प्रार्थनाको एउटा हिस्साको अवलोकन गर्‍यौं (१ इतिहास २९ : १०-२०) त्यो प्रार्थनाले परमेश्वरको मन्दिर तयार भएपछि परमेश्वरले गर्नुभएको भलाइ अनि (उहाँको) प्रेमको स्तुति/प्रशंसा गर्दछ । योना, एक यहूदी अगमवक्ताले , जसलाई ठूलो माछाले निलेको थियो, माछाको पेटभित्रबाट छुटकारा पाउनको निम्ति परमेश्वरलाई प्रार्थना गरे (योना २) । उनको प्रार्थनाले हामीलाई सान्त्वना दिदँछ अनि परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ भन्ने कुरा आवश्यकत पार्दछ ।

पेज नं. ६४-६५ का उत्तरहरु : १. प्रशंसा ; २. ठीक ; ३. बाइबल, नयाँ ४ ग) सत्य ५ घ) माथिको सबै ।



परमेश्वरले योनालाई बचाउनु भयो अनि उनलाई निनवेमा जान अह्राउनु भयो ।

हामी जहाँ भएपनि , हामीले जहिले गुहार मागेपनि परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ । (योना २ :७ )ले भन्छ ,“ जब मेरो प्राण गलिसकेको थियो , तब मैले , हे परमप्रभु , तपाईंलाई सम्झें, र मेरो प्रार्थना तपाईंकहाँ उठ्यो , तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो ।”

बाइबलका केही प्रार्थनाहरुको नामाकरण नै गरिएको छ । येशूले गरिएको प्रार्थनाहरु मध्येको महान् (एउटा) प्रार्थना आफ्ना चेलाहरुको निम्ति , सबै विश्वासीहरुको निम्ति अनि  स्वयम् कै निम्ति गर्नुहुन्छ (यूहन्ना १७) । उच्च पुजाहारीगिरीको प्रार्थना भनिन्छ । पद ३ मा येशू भन्नुहुन्छ , “अब अनन्त जीवन यही हो कि तिनीहरुले तपाई एकमात्र सत्य परमेश्वरलाई चिनून् र तपाईले पठाउनु भएको येशू ख्रीष्टलाई चिनून्  ।” येशूको आमा, मरियमलाई , येशू मशिहको जन्म तपाईंले दिनुहुनेछ ( लूका १ : ४५-५५) भनिएपछि , उहाँले प्रार्थना गर्नुभयो जसलाई हिजोआज ‘प्रारम्भिक गान’ भनिन्छ , (जुन ल्याटिन-प्राचीन रोमको भाषामा “ मेरो प्राणले परमप्रभुको गुणगान गर्दछ !” भन्ने हो । यी नै मरियमका प्रार्थनाका प्रारम्भिक शब्दहरु हुन् ) ।

जब येशू जन्मनु भयो अनि परमेश्वरको समर्पण गर्नको लागि मन्दिर लगिनुभयो तब शिमिमोन नाम गरेको अगमवक्ताले उहाँलाई देखे । अनि प्रारम्भमा  “ अब हे परमप्रभु , आफ्नो वचनअनुसार तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस्” भनेर प्रार्थना गरे । यो प्रार्थना हामीहरुको निम्ति ( लूका २ : २९-३२) मा लेखिएको छ ।

मोशाले( प्रस्थान (१५ : १-१८) मा लामो स्तुति गाएका छन् , र (व्यवस्था ३२ : १-४३) मा अझ धेरै लामो स्तुति गाएका छन् । प्रकाशको पुस्तकमा पनि केही प्रार्थनाहरु छन् । तपाईंसँग बाइबल छ भन`( प्रकाश ११ : १६-१८) अनि निकै छोटो प्रार्थनाको लागि (प्रकाश ६ : ९-११ )हेर्नुहोस् ।तपाईंसँग समय छ भने यस अध्यायमा उल्लेख भएका प्रार्थनाहरु सबै नै हेर्नुहोस् । बाइबलमा भएका प्रार्थनाहरु हेर्ने गर्नुहोस् । तपाईंलाई तिनीहरुले प्रार्थना कसरी गर्ने भन्ने बारे सिकाउन सक्छन् ।

## खण्डको समीक्षा :

६. धेरै भजनहरु वास्तवमा .................... हुन् ।

७. योना अनुसार ,...................... को पेटभित्र भएता पनि परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ !

८. केही प्रार्थनाहरुको .............. दिइएको छ जसको (प्रार्थनाको) शुरुको शब्दहरु प्रायः ल्याटिन भाषामा छन् ।

९. ........................मा उल्लेखित विश्वासीहरुको प्रार्थना पढेर हामी प्रार्थना बारेमा धेरै कुरा सिक्न सक्छौं ।

(पेज नं. ७१ को अन्तमा आफ्ना उत्तरहरु हेर्नुहोस् ।

हामी प्रभुको प्रार्थना बारे हाम्रो अध्ययनको अन्त्यमा आइपुगेका छौं । अब, यसपछि अध्याय पाँचको छोटो परीक्षा आउँछ , अनि अन्तिम परीक्षा । अध्याय पाँचको परीक्षाको निम्ति समय लिनुहोस् , अनि यस अध्यायमा खण्डको समीक्षाहरुको पुनर्विचार गरेर यसको निम्ति तयारी हुनुहोस् ।

## अध्याय  पाँचको परीक्षा

१. प्रभुको प्रार्थनाको अन्तिम हरफलाई ............ भनिन्छ ।

२. आमिनको अर्थ ................................ हो ।

३. हामी प्रार्थनाको अन्तमा आमिन भन्दछौं किनभने हामी विश्वास गर्दछौं कि परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिनुहुनेछ भनी...................................... हामीलाई भरोसा दिलाउनुहुन्छ

४. "म तिमीहरुलाई जे भन्न गइरहेछु त्यो साँचो हो" नै अर्को तरिकाले.......................... भन्नु हो ।

५. योनाले .......................... को पेट भित्रबाट प्रार्थना गरे ।

६. केहि........................का नाम छन् , जस्तै म्यागनिफिक्याट वा उच्च पूजाहारीय (शास्त्रीय) प्रार्थना ।

७. धेरै जसो ................ प्रार्थना हुन् ।

८. बाइबलको अन्तिम शब्द हो ..............................।

(तपाईंको उत्तरहरु पेज नं. ७६ मा हेर्नुहोस् )

पेज नं. ६९-७० सम्मका उत्तरहरु : ६. प्रार्थनाहरु ; ७. माछा ; ८. नाम ; ९. बाइबल

# ७२ शब्दार्थ-सूची

(यी शब्दहरु मध्ये कतिपय तपाईंले नजानेको पनि हुन सक्छ )

| | | |
|---|---|---|
| अनुमति दिनु - | | स्वीकृति दिनु , केही गर्नको निम्ति छुट दिनु |
| अपराध | - | नियम तोड्ने कार्य |
| अपमान गर्नु | - | बेइज्जती गर्नु , अनादर गर्नु |
| अज्ञानता | - | केही कुरो नजान्नु , अबुझपन |
| अवसर | - | मौका |
| अनुग्रह | - | केही पाउनको निम्ति गरिएको आग्रह , अनुरोध , बिन्ती |
| अंग | - | कुनै ठूलो हिस्सा |
| अस्थायी | - | केही समयको निम्ति मात्र अस्तित्वमा रहने |
| अनुवाद | - | उल्था अर्थात एउटा भाषामा लेखिएको (विषय) अर्को भाषामा उतारिएको) |
| आमिन | - | सत्य, हामी यो विश्वास गर्छौं ! त्यो ठीक हो ! |
| आरामदायक | - | सुविधा प्राप्त , कुनै झन्झट |
| आज्ञाकारी | - | आज्ञा मान्ने , भनेको कुरा मान्ने |
| उत्साहित गर्नु | - | केहि गर्नको निम्ति उत्साह जगाउनु , प्रेरणा दिनु |
| उद्धार गर्नु | - | मुक्त गर्नु , छुटकारा दिनु |
| उत्पति | - | प्रारम्भ , मूल, उद्गम, आरम्भ |
| मौलिक | - | प्रारम्भिक, सबभन्दा पहिलेको |

| | | |
|---|---|---|
| उपवास | - | आहार नगर्नु , केही नखाई बस्नु |
| इज्जत | - | प्रतिष्ठा , अरुले आफूप्रति देखाएको सदभावना, अरुले दिएको असल नाम |
| उपयूक्त | - | गुणयुक्त हुनु , योग्य हुनु |
| चिढाउनु | - | दिक्क लगाउनु , कचकच गरेर असहय पार्नु |
| दुष्ट | - | भ्रष्ट , अपवित्र , दुषित , घृणित |
| | | परामर्शदाता- सल्लाहकार ; त्यो व्यक्ति जसले तपाईंको कुरो सुन्छ र उचित सल्लाह दिन्छ |
| विचार गर्नु | - | सोच्नु , चिन्तन गर्नु |
| विश्वस्त | - | कुनै विषयमा निश्चिन्त हुनु , ढुक्क हुनु |
| विश्वासी | - | परमेश्वरमा विश्वास गर्नेहरु , |
| शिष्यहरु | - | चेलाहरु , विद्यार्थीहरु |
| दुरुस्त | - | हुबहु , उस्तै , ठ्याक्क मेल खाने |
| प्रसिद्धि | - | कीर्ति , यस, धेरैले चिने जानेको, |
| भरोसा | - | जिम्मा लिने काम, दायित्व लिनु |
| तृप्ति | - | सन्तोष , आनन्द |
| निरर्थक | - | अर्थहिन |
| पवित्र | - | पारहित |

मशिह - परमेश्वरले चुन्नुभएको उद्धारकर्ता खीष्टको निम्ति प्रयोग गरिएको पुरानो यहूदी शब्द

सम्बोधन - प्रभुको प्रार्थनाको थालनी , प्रारम्भ, (परमेश्वरको सम्बोधन)

प्रशंसा - प्रभुको प्रार्थनाको समाप्ति, अन्त्य (परमेश्वरको स्तुतिको संक्षिप्त वाक्य)

समर्पण गर्नु - उत्सर्ग गर्नु , कुनै उदेश्य विशेषको निम्ति अर्पित हुनु

श्राप - हाम्रो पापकर्मको फलस्वरुप परमेश्वरले दिने सजाय

समाप्ति - अन्त , अन्त्य

विपक्षी - विरोधी, प्रतिपक्षी

महामारी - कुनै रोग चारैतिर फैलिएको अवस्था

प्रार्थना - परमेश्रसँगको सम्वाद ,कुराकानी तयार हुनु

धर्मी - सदैव अरुको भलाई चाहने र गर्ने पवित्र आत्मा भएको

भिन्न गर्नु - एकबाट अर्को छुटयाउनु , अलग गर्नु, फरक पार्नु

रक्षा गर्नु - विपत्तिबाट जोगाउनु , दुष्कर्मबाट बचाउनु

मूर्ति - ढुङ्गा (वा कुनै धातु) मा कुदिएको मान्छे वा अन्य केहीको प्रतिमा

सट्टा - कसैको वा केही चिजको बदलामा ठाँउ ओगटनु (लिनु)

दुःख पाउनु -कुनै प्रकारको कष्ट पाउनु , झमेलामा पर्नु , असुविधाले सताउनु

करुणामयी - सहानुभूतिपूर्ण , दयालु

# ७२ अध्याय-परीक्षाका उत्तरहरु

**अध्याय एकको परीक्षाका उत्तरहरु :**

१.आराधना २.विश्‍वासीहरु ३. साहससाथ ४. अनुरोध र धन्यवाद
५. परमेश्‍वर ६. स्थान, बेला ७. जे सुकै ८. येशू ९. सुन्नुहुन्छ १०. जवाफ
११ . तरिकाले १२ . समय १३ .भलाइ १४. वास्ता

**अध्याय दुईको परीक्षाका उत्तरहरु :**

प्रार्थनाका वचनहरु पेज नं.-१५ र १६ मा हेर्नुहोस

**अध्याय तीनको परीक्षाका उत्तरहरु :**

१. सम्बोधन २. परमेश्‍वर ३. शक्तिशाली ४. साहसपूर्वक ५. प्रभु, प्रतिष्ठा
६. पवित्र (आज्ञाकारी) ७. हामीहरुको ८. वचन, हृदय ९ स्वर्गदूतहरु १०. चाहना
११. मुक्त १२. इच्छा वा चाहना

**अध्याय चारको परीक्षाका उत्तरहरु :**

१. पेज नं. १५ र १६ मा छापिएको प्रार्थनाहरु हेर्नुहोस ।
२. ग हामीहरुको ३. ग हामीलाई बाँच्न अनि स्वस्थ्य रहन जे जे चाहिन्छ ४. क येशू हाम्रो बदलामा ती सबैको निम्ति मर्नुभयो ५. (त्यसरी नै) अरुलाई पनि क्षमा गर्नुपर्दछ ६. घ दियाबलस, संसार, हाम्रो पापमय प्रवृति ७. ग परमेश्‍वरले हामीलाई कहिले पनि परीक्षामा पार्नुहुन्न ८ घ माथि उल्लेखित सबै ९. अलग, सक्षम, भलाइ कार्य
१०. (यसमा गलत उत्तरहरु हुन्नन् ।)

**अध्याय पाँचको परीक्षा -पेज नं. ७०–७१ का उत्तरहरु :**

१. प्रशंसा २. सत्य/साँचो ३. येशू ४. आमिन ५. माछा ६. प्रार्थनाहरु
७. भजनहरु ८. आमिन

# ७२ अन्तिम परीक्षा

बधाई ! छ । तपाईंले प्रभुको प्रार्थनाको सम्बन्धमा आफ्नो अध्ययन पूरा गर्नुभयो । अध्ययन परीक्षाहरुमा कहिं कतै गल्ती पो भएको छ कि भनी पुनर्विचार गर्न पुस्तकको अन्त्य देखि शुरु सम्म सरसर्ती हेर्नुहोस । साथै, प्रत्येक अध्यायको उद्देश्यहरुको स्मरण गर्नुहोस । जब तपाईं सबै उद्देश्यहरु जान्दछु भन्नेमा विश्वस्त हुनुहुन्छ, तब चाहिं तपाईं अन्तिम परीक्षा दिनको निम्ति तयार हुनुहुन्छ ।

पुस्तकमा कहिं कतै नहेरीकन अन्तिम परीक्षा सक्नुहोस । जब सक्नुहन्छ, तब जसले यो पुस्तक दिएको हो उहाँलाई, वा यो पुस्तकको अन्तिम पानामा दिएको ठेगानामा परीक्षाको उत्तर पुस्तिका पठाउनुहोस । तपाईं यस श्रांृखला अन्तर्गत बाइबल अध्ययनका अन्य पुस्तकहरु मगाउन ( झिकाउन) सक्नुहुन्छ ।

यदि तपाईं पूरै तयार हुनुभयो भने, परीक्षा  लाई पुस्तकबाट छुटाउनुहोस् अनि पुस्तक अलग राख्नुहोस् । पुस्तक नखोलिकन परीक्षा दिनुहोस् ।

# ७२ प्रभु येशूले सिकाउनु भएका वचनहरु
# अन्तिम परीक्षा

**खण्ड** क (प्रार्थनाको अर्थ बुझाउनको निम्ति निम्न स्थानहरु पूरा गर्नुहोस्)

प्रार्थना (१)............... को एउटा स्वरुप हो, जसमा
(२)..................ले (३)...................(६).................... लाई,
कुनै (७).........................मा, कुनै (८).......................,
(९)................. को निम्ति (१०).................. को नाममा
(४).................. गर्दछन् अनि (५)..................दिँदछन ।
परमेश्वरले हाम्रो प्रार्थना ठीक (११)..................., हाम्रो
(१२)........... को निम्ति, उहाँको आफ्नै..............
(१३).................ले (१४)............ अनि (१५).................
प्रतिज्ञा गर्नुहुन्छ किनभने उहाँ हामीलाई (१६)......... गर्नुहुन्छ ।

**खण्ड** ख (निम्न हरफहरुमा प्रभुको प्रार्थनाका वचनहरु लेख्नुहोस ।)

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

..........................................................................

(प्रशंसा
अतिरिक्त)...........................................................................
...........................................................................
...........................................................................
...........................................................................
...........................................................................

खण्ड ग (सबभन्दा उत्तम उत्तरमा गोलो चिन्ह लगाएर निम्न प्रश्नहरुको उत्तर दिनुहोस )

१. प्रभुको प्रार्थनाको पहिलो भागलाई के भनिन्छ ?
क) प्रारम्भ ख) अनुग्रह ग) सम्बोधन

२. प्रभुको प्रार्थनामा कतिवटा अनुग्रह छन् ?
क) ३ ख) ७ ग) ११

३. प्रभुको प्रार्थनाको समाप्ति अन्तलाई के भनिन्छ?
क) प्रशंसा ख) समाप्ति/अन्त्य ग) अनुग्रह

४. 'आमिन' को शाब्दिक अर्थ के हो?
क) सत्य ख) अन्त्य ग) (म) क्षमाप्राथी छु

५. प्रभुको प्रार्थना सर्वप्रथम कसले गरयो/गर्नुभयो ?
क) चेलाहरुले ख) उहिलेका विश्वासीहरुले ग) येशूले

६. हाम्रो प्रार्थना सुन्ने र जवाफ दिने जिम्मा कसले लिन्छ ?
क) तपाईंको पाष्टर ख) परमेश्वर र येशू ग) कसैले पनि लिन्न

७. परमेश्वरले् कहाँ राज्य गर्नुहुन्छ , अनि उहाँले राज्य गर्नमा के प्रयोग गर्नुहुन्छ ?

क) उहाँको वचनद्वारा हाम्रो हृदयमा

ख) उहाँका स्वर्गदूतहरुसँग मण्डलीमा

ग) धन-सम्पतिसहित स्वर्गमा

८. परमेश्वरले हाम्रो सबै पाप कसरी क्षमा गर्न सक्नुहुन्छ ?

क) हामी केवल मान्छे हौं भन्ने उहाँलाई थाहा छ (त्यसैले)

ख) येशू हाम्रो बदलामा तिनीहरुको निम्ति मर्नुभयो

ग) पछि स्वर्गमा हामीले चुक्ता गर्नु/तिर्नुपर्ने छ भन्ने उहाँ आशा राख्नुहुन्छ

९. मानिसले हाम्रो विरुद्धमा पाप गरेको खण्डमा परमेश्वर हामीले उसप्रति कस्तो प्रतिकृया देखाउओस् भन्ने चाहनुहुन्छ ?

क) हामीले उसँग बदला लेओस् भन्ने चाहनुहुन्छ

ख) हामी आफै नै दुःखी होओस् भन्ने चाहनुहुन्छ

ग) हामीलाई क्षमा गरिए झैं अरुलाई पनि हामीले क्षमा गरोस् भन्ने चाहनुहुन्छ ।

१०. हामी भजनहरु , येशूका प्रार्थनाहरु , र अन्य विश्वासी ( आस्तिक) हरुको प्रार्थनाहरु कहाँ पाउन सक्छौं ?

क) अखबारमा ख) शास्त्रीय पुस्तकहरुमा ग) बाइबलमा

कृपया निम्न विवरण लेख्नु होला :

नाम .....................................................

ठेगाना ..................................................

:

कृपया यो पाठ्य सामग्रीबारे आफ्नो मन्तव्य व्यक्त गर्नुहोला ।

Multi-Language Productions
Bringing the Word to the World

**The Words Jesus Taught-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385104**